# कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७१) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन

विशाल लिम्बू
क्याम्पस क्रमाङ्क : ४४
शैक्षिक वर्ष : २०६९/०७०
परीक्षा क्रमाङ्क : २१४०००८६/२०७१
त्रि.वि.दर्ता नं. ९-२-५९८-१-२००९

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली शिक्षा अन्तर्गत
स्नातकोत्तर तह (एम.एड.) दोस्रो वर्षको नेपा. शि. (५९८)
पाठ्यांशको प्रयोजनको निम्ति प्रस्तुत
शोधपत्र

सुकुना बहुमुखी क्याम्पस
नेपाली भाषा शिक्षा विभाग
कोशीहरैंचा, मोरङ
२०७३

कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७१) मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन विशाल लिम्बू २०७३

## प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा विभाग स्नातकोत्तर तह एम. एड. दोस्रो वर्षको नेपा. शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७१) मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनका लागि कही कतै मिल्न नगइ आफ्नै ढङ्ग ढाँचामा अत्यन्त मौलिक पारामा रहेको छ । यो शोधपत्र तोकिएको प्रयोजन भन्दा अन्यत्र दुरूपयोग नहुने तथा हुननदिने प्रतिबद्धता व्यक्त गर्दछु ।

मिति २०७३/११/१

..............................................

विशाल लिम्बू

एम. एड. दोस्रो वर्ष

नेपाली भाषा शिक्षण विभाग

# सिफारिस पत्र

नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको नपाली भाषा शिक्षा विषयको नेपा.शि. ५९८ पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन शीर्षको शोधपत्र शोधार्थी विशाल लिम्बूले अत्यन्त मिहिनेत र लगनशीलताका साथ तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र सम्बन्धित प्रयोजनका लागि उपयुक्त रहेकाले यसको आवश्यक मूल्याङ्कनका लागि मूल्याङ्कन समिति समक्ष सिफारिस गर्दछु ।

मिति : २०७३ /११/१

...............................................................................

मेघनारायण श्रेष्ठ

शोध निर्देशक

## कृतज्ञता

आजको वर्तमान युगमा मानिसका हरेक क्रियाकलापदेखि लिएर विद्यालयका पठनपाठनमा समेत विशुद्ध नेपाली भाषाको आवश्यकता खड्किरहेको अवस्था छ । यस्तो अवस्थामा कसरी विशुद्ध रूपमा नेपाली भाषाको प्रयोग गर्न सकिन्छ भन्ने विषयमा विविध अध्ययन, अनुसन्धान गरिदैं आइएको छ । नेपाली भाषाको आवश्यकता हुँदाहुँदै पनि आज विविध समस्याहरू देखिन थालिएको छ । यस्ता विविध समस्याको समाधान गर्न नेपाली भाषा शिक्षणको मूल्याङ्कन सुधारमा परिवर्तन गर्न जरूरी छ ।

भाषिक सिप परीक्षणसँग सम्बन्धित कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७१ सालको प्रश्नपत्रहरूको अध्ययन, विश्लेषण गरी उपयुक्त प्रश्न निर्माण सम्बन्धी सुधारका उपाय अवलम्बन गर्न यो शोध गरिएको छ । यस अध्ययनमा धेरै सीमितता र अपूर्णता हुन सक्छन् तथापि प्रश्न विश्लेषणका क्षेत्रमा भावी अध्येतालाई वा प्राश्निकहरूलाई यो शोधले थोरै भएपनि सुझाव प्रदान गर्न सक्यो भने ठूलो उपलब्धि ठानिने छ ।

यो शोधपत्र तयार गर्ने क्रममा आफ्नो अमूल्य समय दिई हरबखत आवश्यक सल्लाह, सुझाव र निर्देशन दिनु हुने मेरो आदरणीय शोध निर्देशक गुरु श्री मेघनारायण श्रेष्ठ ज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछु । शोध लेखनमा हौसला र प्रेरणा प्रदान गर्नु हुने यसै क्याम्पसका नेपाली विभागीय प्रमूख श्री अमृतप्रसाद आचार्य र सहायक प्रमूख श्री प्रेम प्रसाद भट्टराई प्रति हृदय देखि नै आभार प्रकट गर्दछु । त्यसैगरी महत्त्वपूर्ण सामग्रीहरू उपलब्ध गराएर सहयोग गर्नु हुने जनता माध्यमिक विद्यालय खुदुनाबारी झापाका कर्मचारी भिम बहादुर पौड्याल, लक्ष्मी आर्दश माध्यमिक विद्यालय महमाई इलाममा अध्ययनरत बहिनी रश्मिला लिम्बू, जलसिंह माध्यमिक विद्यालय पौवासार्ताप पाँचथरमा अध्ययनरत बहिनी संगिता नेपाली सबैलाई हार्दिक आभार प्रकट गर्दछु । अन्त्यमा शोध लेखनमा सहयोग पुऱ्याउनु हुने मेरा सम्पूर्ण साथीहरू, आफन्तजन र प्रिन्ट आउटमा सहयोग गर्नुहुने टिना फोटो स्टुडीयोका यज्ञमणि निरौला प्रति कृतज्ञ रहँदै सबै शुभेच्छुकहरूमा आभार व्यक्त गर्दछु ।

शोधार्थी

विशाल लिम्बू

माई नगरपालिका –८ इलाम,

## शोधसार

**शीर्षक** : कक्षाआठको जिल्लास्तरीय परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन

**शोध निर्देशक** : मेघ नारायण श्रेष्ठ

**शोधार्थी** : विशाल लिम्बू

**जम्मा पृष्ठ सङ्ख्या** : १०+५४+१५= जम्मा ७९

यस शोधपत्रको शीर्षक **कक्षाआठको जिल्लास्तरीय परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन** रहेको छ । भाषिक परीक्षण भन्नु नै भाषाका सिपहरूको परीक्षण हो । भाषिक सिपको परीक्षण अन्य विषयको परीक्षणभन्दा भिन्न किसिमको हुन्छ । अन्य विषयको तुलनामा भाषा विषयको परीक्षण गर्न जटिल हुन्छ । त्यसैले भाषा पाठ्यक्रमका व्याप्ततालाई नसमेटिकन प्रश्नपत्र तयार पार्दा उचित रूपमा विद्यार्थीका भाषिक सिप सिकाइको परीक्षण, मूल्याङ्कन हुन सक्दैन । अत : यस शोधको मुख्य उद्देश्य भन्नु नै प्रश्नपत्रहरूको बाह्य तथा आन्तरिक वैधताका आधारमा अध्ययन, विश्लेषण गरी कमीकमजोरी औंल्याएर सुधारका लागि आवश्यक सुझाव प्रदान गर्नु रहेको छ ।

यस अध्ययनको क्षेत्र झापा, इलाम र पाँचथर जिल्लामा सीमित छ । तीन ओटै जिल्लाका कक्षा आठको नेपाली भाषा विषयको जिल्ला स्तरीय परीक्षालाई मात्र अध्ययनले समेटेको छ । यस अध्ययनले मेची अञ्चलका ४ जिल्ला मध्ये तीन ओटा जिल्लाका प्रश्न निर्माणको अध्ययन, विश्लेषण गर्ने प्रयास गरेको छ । प्रस्तुत अध्ययन पाँच भागमा विभाजित छ । पहिलो अध्यायमा अध्ययनको परिचय दिइएको छ । दोस्रो अध्यायमा अध्ययनलाई सहायता हुने सैद्धान्तिक पक्षहरूको चर्चा र अवधारणात्मक ढाँचाको विश्लेषण गरिएको छ । तेस्रो अध्यायमा अध्ययनको विधि र प्रक्रियाका बारेमा परिचय दिइने काम गरिएको छ । त्यसैगरी चौंथो अध्यायमा नतिजाको व्याख्या एवम् विश्लेषणका साथै अध्ययनका उद्देश्य माथि चर्चा गरिएको छ । अन्तिम तथा पाँचौं अध्यायमा विश्लेषित प्रश्नहरूबाट देखिएका निष्कर्ष र सो अनुरूपका सुझावहरू प्रस्तुत गरिएको छ । यस शोधपत्रमा सामग्री सङ्कलनका लागि तीन जिल्लाका विद्यालयमा कार्यरत कर्मचारी तथा विद्यार्थीहरूको सहयोग मार्फत सङ्कलन गरिएको हो । सङ्कलन पछि सामग्रीको विश्लेषणात्मक विधिको प्रयोग यस शोधमा गरिएको छ ।

प्रस्तुत अध्ययनबाट कक्षा आठमा प्रयोग गरिएका प्रश्नहरू एस.एल.सी. परीक्षाका आदर्शबाट प्रभावित भएका छन् । प्रश्नहरू उत्पादनात्मक भन्दा पहिचनात्मक र प्रतिस्मरणात्मकतालाई टेवा पुऱ्याउने खालका देखिन्छन् । विशिष्टीकरण तालिकाको पूर्ण परिपालना नगरिएकोले पाठ्यक्रमको सम्पूर्ण विषयवस्तुलाई प्रश्नहरूले समेट्न सकेका छैनन् । पाठ्यपुस्तकको अभ्यासबाट हुबहु प्रश्नहरू सारेर प्रश्नहरू निर्माण गरेको पाइन्छ । यस अध्ययनले थोरै मात्रामा भए पनि प्रश्नलाई स्तरीय बनाउन के कस्ता सिपहरू चाहिन्छन् भन्ने कुरालाई प्रष्ट्याएको छ । भाषाको परीक्षणमा पुच्छेप्रश्न, कण्ठस्थीकरणमा जोड दिने, पाठ्यक्रम भन्दा बाहिरका आदि जस्ता वैधतामा आँच आउने किसिमका प्रश्नहरू निर्माण गरिनु हुँदैन । निर्देशनको अस्पष्टता, अङ्क विभाजनको असन्तुलन, छपाइका क्रममा भएका त्रुटि तथा कमीकमजोरीले प्रश्नका बाह्य तथा आन्तरिक वैधतामा आघात पुऱ्याएको देखिन्छ । यस अध्ययनले भाषिक प्रश्न निर्माण कार्यलाई सरल र सतही रूपमा नलिई भाषिक उद्देश्य हाँसिल गर्न प्रश्न निर्माणकर्तालाई थोरै भए पनि सहयोग गर्नु यसको उपलब्धि तथा प्राप्ति हो ।

यस अध्ययनबाट भाषिक प्रश्न निर्माण गर्दा सरलबाट जटिलताको क्रममा निर्माण गर्नु पर्ने देखिन्छ । भाषाका चार सिप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) लाई महत्त्वपूर्ण स्थान दिनुपर्ने हुन्छ । अर्थात् सुनाइ र बोलाइ परीक्षणको उचित व्यवस्था मिलाउँनु पर्ने आवयकता देखिन्छ । प्रश्न निर्माणमा विषयविज्ञ, अनुभवी शिक्षकबाट तयार गरी प्रश्नलाई समयको भाग अनुसार परिवर्तन गरिनु आवश्यक देखिन्छ । त्यसैगरी प्रश्नपत्र मुद्रण तथा टङ्कनमा विशेष सतर्कता अपनाइ कागजको स्तरमा बृद्धि गरी छपाउनु पर्ने आदि जस्ता कुरामा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

# विषयसूची

## परिच्छेद : एक

## शोध परिचय

पृष्ठ सङ्ख्या


| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ३ |
| १.३ अध्ययनका उद्देश्य | ४ |
| १.४ अनुसन्धानात्मकप्रश्न | ४ |
| १.५ अध्ययनको महत्त्व | ४ |
| १.६ अध्ययनको परिसीमा | ५ |


## परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा


| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरवलोकन | ६ |
| २.२ पूर्व साहित्यको पुनरवलोकन | ७ |
| २.३ पुनरवलोकनको उपादेयता | ११ |
| २.४ अवधारणात्मक ढाँचा | १२ |


## परिच्छेद : तीन

## अध्ययनको विधि र प्रक्रिया


| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा र विधि | १३ |
| ३.२ अध्ययनको क्षेत्र | १३ |
| ३.३ तथ्याङ्क सङ्कलनका साधन र तरिका | १३ |
| ३.४ तथ्याङ्क सङ्कलनप्रक्रिया | १३ |
| ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण | १४ |

## परिच्छेद : चार

## नतिजाको व्याख्याएवम् विश्लेषण


४.१ पाठ्यक्रम र विशिष्टीकरण तालिकाकाआधारमा प्रश्नपत्रको विश्लेषण १५

४.२ बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रका वैधताको विश्लेषण १५

४.२.१ बाह्यआधारमा विश्लेषण १५

४.२.१.१प्रश्नपत्रको स्वरूप १६

४.२.१.१.१ शीर्षभाग १६

४.२.१.१.२ उपशीर्ष भाग १६

४.२.१.१.३ आकार १७

४.२.१.१.४ प्रश्न सङ्ख्या १७

४.२.१.१.५ प्रश्न र पृष्ठ १८

४.२.१.१.६ कागज १८

४.२.१.१.७ छपाइ र सफाइ १९

४.२.१.२ निर्देशन १९

४.२.१.२.१ शीर्ष निर्देशन १९

४.२.१.२.२ प्रश्न निर्देशन १९

४.२.१.२.३ विकल्प निर्देशन २०

४.२.१.२.४ पृष्ठ निर्देशन २०

४.२.१.२.५ समय निर्देशन २१

४.२.१.२.६ अङ्क निर्देशन २१

४.२.१.३ अङ्क विभाजन र समय निर्धारण २२

४.२.१.४ प्रस्तुति र अनुक्रम २३

४.२.१.५ भाषा २५

४.२.१.५.१ वर्णविन्यास सम्बन्धी त्रुटि २५

४.२.१.५.२ पदयोग र पदवियोग सम्बन्धी त्रुटि २६

४.२.१.५.३ वर्ण तथाअक्षर लोप सम्बन्धी त्रुटि २६

४.२.२ आन्तरिक आधारमा प्रश्नपत्रको तुलनात्मक विश्लेषण २६

४.२.२.१ भषिक सीपगतआधारमा प्रश्नपत्रको विश्लेषण २७

४.२.२.१.१ सुनाइ र बोलाइ सीप २७
४.२.२.१.२ पढाइ सिप २७
४.२.२.१.३ लेखाइ सिप २८
४.२.२.२.१ कथा विधा २९
४.२.२.२.२ कविता विधा ३०
४.२.२.२.३ प्रबन्ध/निबन्ध विधा ३२
४.२.२.२.४ रुपक विधा ३४
४.२.२.२.५ जीवनी विधा ३६
४.२.२.२.६ चिठी विधा ३८
४.२.२.३ पाठ्यपुस्तकका आधारमा ३८
४.२.२.४ विशिष्टीकरण तालिकाका आधारमा ३९
४.२.२.४.१ सङ्क्षिप्त उत्तरात्मक प्रश्न ३९
४.२.२.४.२ लामो उत्तरात्मक प्रश्न ४१
४.२.२.४.३ बोध प्रश्न ४१
४.२.२.४.४ भाव विस्तार ४२
४.२.२.४.५ सप्रसङ्ग व्याख्या ४२
४.२.२.४.६ निर्देशित रचना ४२
४.२.२.४.७ स्वतन्त्र रचना, निबन्ध/प्रबन्ध ४२
४.२.२.४.८ स्वतन्त्र रचना, चिठी, वादविवाद ४३
४.२.२.४.९व्याकरण ४३
४.२.२.४.१० शब्द भण्डार ४४
४.३ विश्वसनीयता र वैधताका आधारमा प्रश्नपत्रको विश्लेषण ४५
४.३.१ विश्वसनीयताका आधारमा ४५
४.३.२ वैधताको आधारमा प्रश्नपत्रको विश्लेषण ४५
४.३.२.१ विषयगत वैधता ४५
४.३.२.२ रचनात्मक वैधता ४६
४.३.२.३ पूर्व सूचनात्मक वैधता ४७
४.३.२.४ समवर्ती वैधता ४८

४.४ समानता र असमानताका आधारमा प्रश्नपत्रहरूको विश्लेषण ४९

४.४.१ समानताका आधारमा ४९

४.४.२ असमानताका आधारमा ४९

**परिच्छेद : पाँच**

**निष्कर्ष तथा सुझाव**

५.१ निष्कर्ष ५०

५.२ सुझावहरू ५३

५.२.१ नीतिगत तहकालागि सुझावहरू ५३

५.२.२ अभ्यास तहकालागि सुझाव ५३

५.२.२ अनुसन्धान तहकालागि सुझाव ५४

सन्दर्भसामग्री सूची

# परिच्छेदः एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा शिक्षण भनेको भाषिक सिपहरूको शिक्षण हो । भाषा शिक्षणमा विषयवस्तु गौण हुन्छ भने भाषिक सिप प्रमुख हुन्छ । त्यसैले भाषा शिक्षण विषय वस्तुको शिक्षण नभएर विषय वस्तु व्यक्त गर्ने वा बुझ्ने सिपको शिक्षण हो । भाषा शिक्षण बोध र अभिव्यक्ति अर्थात् ग्रहण र प्रकटन सिप सबल बनाउने शिक्षण भएकाले यसमा भाषाको संरचना र व्याकरणको सैद्धान्तिक ज्ञानमा जोड नदिई उपयक्त प्रयोग सन्दर्भहरूमा जोड दिनु पर्छ (शर्मा र पौडेल, २०७० : २) । भाषिक सिपहरूको शिक्षण पश्चात विद्यार्थीहरूले

के कति मात्रामा भाषिक सिप हासिल गर्न सफल भए भएनन् भनी मूल्याङ्कन गर्नु जरूरी छ । भाषा विषयको मूल्याङ्कन गर्नुलाई नै भाषिक मूल्याङ्कन भनिन्छ । भाषिक मूल्याङ्कनले विद्यार्थीहरूको भाषिक क्षमता स्तर आकलन गर्नु मात्र नभई शिक्षण सिकाइ प्रक्रियाको प्रभावकारिता जाँच्नु, पाठयांशका सरल र जटिल अंश छुट्टयाउनु, शिक्षण सामग्रीहरूको उपयोगगिता र प्रभावकारिताको परख गर्नु, शिक्षण विधि र प्रक्रियाको प्रभावकारिता परीक्षण गर्नु तथा भाषा सिकाइका कठिनाइ र समस्या क्षेत्र पत्ता लगाई निराकरणात्मक शिक्षण सिकाइमा मद्दत पुऱ्याउनु यसको मुख्य अभिप्राय रहेको हुन्छ । भाषा विषयको मूल्याङ्कन प्रकृति, प्रवृत्ति र अपेक्षाहरू अन्य विषयको मूल्याङ्कन भन्दा भिन्न किसिमका हुन्छन् ( शर्मा र पौडेल, २०७० : २८२ ) । मूल्याङ्कन भनेकै शिक्षण सिकाइ क्रियाकलाप पश्चात सिकारूले केकति मात्रामा ज्ञान हासिल गर्न सफल भए भएनन्  भनी गरिने लेखा जोखा हो ।

यहाँ मुरी प्रिन्टले मूल्याङ्कनलाई तोकिएको सिकाइ हाँसिल भए नभएको निर्णय गर्न मापनबाट प्राप्त तथ्याङ्कलाई यथोचित रूपमा विवेचना गर्ने प्रक्रियाको रूपमा व्याख्या गरेका छन् ।

ग्रुलुन्डका अनुसार “विद्यार्थीहरूले प्राप्त गरेका शैक्षिक उपलब्धिहरूको मात्रा निश्चय गर्ने एउटा विशिष्ट प्रक्रियालाई मूल्याङ्कन भन्न सकिन्छ” भनेका छन् ।

टेलरका अनुसार “वास्तविक रूपमा शैक्षिक उद्देश्यहरूलाई कुन हदसम्म प्राप्त गर्न सकियो भनी किटान गर्ने प्रक्रिया मूल्याङ्कन हो” भनेका छन् ।

त्यसैगरी थर्नडाइक हेगनका अनुसार “शिक्षाको कुनै एउटा पक्षका उद्देश्यहरू पहिचान र ती उद्देश्यहरू कुन मात्रामा उपलब्ध भए भनेर मूल्य निर्धारण गर्ने एउटा पूर्ण प्रक्रिया नै मूल्याङ्कन हो” भनेका छन् ।

मथिका उल्लिखित् परिभाषाका आधारमा के भन्न सकिन्छ भने निर्धारित उद्देश्यहरू कति मात्रामा हासिल भए भन्ने कुराको निर्धारण गर्न जानकारी सङ्कलन गर्ने, विश्लेषण गर्ने र अभिव्यक्त गर्ने एउटा सिलसिलाबद्ध प्रक्रियालाई मूल्याङ्कन भन्न सकिन्छ । अथवा सम्पूर्ण शैक्षिक कार्यक्रमको लेखाजोखा गर्ने प्रक्रिया भन्न सकिन्छ (खनाल,निउरे र साथीहरू, २०७१ : ४) । विद्यार्थीको ज्ञान र सिपको सही मूल्याङ्कन गर्न तह,उमेरका साथै शैक्षिक उद्देश्यहरूको वर्गीकरणलाई ध्यान दिई उपयुक्त किसिमको प्रश्नपत्र तयार पार्नु पर्दछ ।

(खनाल, निउरे र साथीहरू, २०७१ : २३७) । भाषिक गम्भीरतालाई नबुझी प्रश्नपत्र तयार पार्दा भाषिक सिपको सही मूल्याङ्न हुन नसकेको स्थिति छ । नेपाली भाषा विषयको प्रश्नपत्र निर्माणमा सम्बन्धित विषय शिक्षक नहुनु, तालिम प्राप्त शिक्षक भए पनि कर्तव्य प्रति निष्ठवान नहुनु, परीक्षणमा हेलचेक्रयाई हुनु, नेपाली विषयलाई सरल विषय ठान्नु, विशिष्टीकरण तालिकाको प्रयोग नगर्नु आदि थुप्रै समस्याहरू देखिएका छन् ( शर्मा र पौडेल, २०७० : २९१ ) । कक्षा आठको नेपाली भाषाका प्रश्नपत्र एवम् प्रश्नहरूका तुलनात्मक र सैद्धान्तिक विश्लेषण गर्ने र विश्लेषणका आधारमा देखिएका त्रुटि एवम् कमजोरीहरूको पहिचान गरी निष्कर्ष तथा सुझावहरू पेश गर्न  आवश्यक छ ।

विद्यार्थीको सिकाइ उपलब्धिको सही मापन गर्न प्रश्नपत्रको उपयुक्ततामा निर्भर रहन्छ । प्रश्नपत्र भनेको भाषिक मूल्याङ्कनको महत्त्वपूर्ण साधन हो । प्रश्नपत्रको प्रयोग मार्फत भाषिक सिपका विविध पक्षको मूल्याङ्कन गरिन्छ । प्रश्नपत्र विश्वसनीय, वैध र स्तरीय नभएको अवस्थामा विद्यार्थीको सिकाइ उपलब्धिको लेखा जोखा गर्न असम्भव छ ( खनाल, निउरे र साथीहरू, २०७१ : २३८ ) । त्यसैले प्रश्नपत्र निर्माण गर्दा सबै पक्षलाई ध्यान पुऱ्याउनु जरूरी छ । विद्यार्थीको स्तरको आधारमा प्रश्न तयार गरिएको छ छैन, प्रश्न सङ्ख्या र समय सीमाको निर्धारण मिलेको छ छैन, प्रश्नका सबै क्षेत्र (विषयगत प्रश्नहरू र वस्तुगत प्रश्नहरू) समेटिएको छ छैन, विशिष्टीकरण तालिकाको आधारमा प्रश्नका त्रम, आकार प्रकार (लामा छोटा) मिलाइएको छ छैन आदि जस्ता कुराहरूले विद्यार्थीका सिकाइ उपलब्धिको सही मूल्याङ्कनमा ठुलो प्रभाव पारेको हुन्छ ।

यो शोधकार्य पनि कक्षा ८ को जिल्ला स्तरीय परीक्षा २०७१ सालमा प्रयोग गरिएको अनिवार्य नेपाली विषयका प्रश्नपत्रहरूको तुलनात्मक तथा सैद्धान्तिक तवरले विश्लेषण गरी त्रुटिहरूको पहिचान गरी सुझाव पेश गर्ने उद्देश्यले गरिएको छ ।

## १.२ समस्याको कथन

विद्यार्थीको स्तर, क्षमता र भाषिक गम्भीरतालाई नबुझी प्रश्नपत्र निर्माण गर्दा भाषिक सिपको उपयुक्त ढङ्गले मूल्याङ्कन हुन सक्दैन । अझ प्रश्न निर्माणकर्ता विषयविज्ञ नहुनु, तालिम प्राप्त भए पनि आफ्नो काम कर्तव्य र जिम्वेवारी पूरा गर्ने कार्यमा सरिक नहुनु, उत्तर पुस्तिका परीक्षणमा हेलचेक्रयाइ गर्नु, सरल विषय ठानेर विशिष्टीकरण तालिकाको प्रयोग नगरी प्रश्नपत्र निर्माण गर्नु, भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ

जस्ता सिपमा आधारित भई प्रश्नपत्र निर्माण नर्गनु आदि जस्ता धेरै कुराले भाषिक सिपको परीक्षणलाई गुणस्तरहीन तुल्याएको छ । भाषा विषयको प्रश्नपत्रले विद्यार्थीको भाषिक सिपसँग सम्बन्धित सबै पक्षको परीक्षण गर्न सक्नुपर्छ । प्रश्नपत्रले विद्यार्थीको योग्यता र गुणस्तर मापन गर्न सकेन भने त्यो प्रश्नपत्र मूल्यहिन बन्न जान्छ । अत : आजभन्दा अगाडि यस्ता विविध कुराको खोजी गर्दै जिल्ला स्तरीय परीक्षाका प्रश्नपत्रहरूको आन्तरिक र बाह्य आधारमा धेरै शोधकार्य भई सकेका छन् । ती शोधकार्यले साच्ची नै कक्षा आठको जिल्ला स्तरीय परीक्षाको प्रश्नपत्रमा सुधार ल्यायो त ? प्रश्न निर्माण सम्बन्धी निर्माणकर्ता, विद्यार्थी, शिक्षक, प्रशासन र भावी शोधकर्तालाई अगाडि सम्पन्न शोधकार्यले के स्पष्ट मार्गदर्शन प्रदान गऱ्यो त ? नेपाली भाषा विषयको प्रश्नपत्र निर्माणमा सुधार सम्बन्धी भएको शोधकार्य के बालुवामा पानी खन्याए जस्तै त भएको छैन ? आदि विविध कुरालाई मध्यनजर गर्दै कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन गर्नु समस्यामूलक देखिन आएको छ ।

विद्यार्थीको शारीरिक, मानसिक, बौद्धिक र संवेगात्मक पक्षलाई जोड दिदै भाषिक सिपको मापन गर्न आवश्यक छ । २०६४ को पाठ्यक्रमले १०० पूर्णाङ्क तोकिएको र यसमा भाषाका सिप अन्तर्गत सुनाइ र बोलाइलाई बेवास्ता गरिएको छ । भाषिक सिपगत अधारमा प्रश्नहरूको वितरण भएको पाइँदैन । विधाका आधारमा पनि उचित विधाहरू वितरण नभएको अवस्था छ । प्रश्नपत्रमा हुनु पर्ने गुणहरू विश्वसनीयता, वैधता, विभेदीकरण र व्यावहारिकता जस्ता गुणहरूका अभाव छ । यसैगरी प्रश्नमा स्पष्ट निर्देशन, अङ्क विभाजन र समय निर्धारण नभएकोले गर्दा पनि नेपाली भाषाका प्रश्नहरू समस्यामूलक रूपमा रहेका छन् ।

**१.३ अध्ययनका उद्देश्यहरू**

प्रस्तुत शोधकार्य निम्नलिखित उद्देश्यहरू पूरा गर्ने प्रयोजनका लागि राखिएका छन् :

क) २०७१ सालमा उपयोग गरिएका जिल्ला स्तरीय परीक्षाका प्रश्नपत्रहरूको पाठ्यक्रम र विशिष्टीकरण तालिकासँगको अनुरूपता पत्ता लगाउनु,

ख) उक्त प्रश्नपत्रहरूको बाह्य तथा आन्तरिक वैधता पहिल्याउनु ,

ग) उक्त प्रश्नपत्रहरूको विश्वसनीयता र उपयोगीता पत्ता लगाउनु ,

घ) जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रहरूमा पाइने समानता र असमानता पत्तालगाउनु ,

ङ) उक्त प्रश्नपत्र अध्ययनबाट प्राप्त कमीकमजोरीहरू औँल्याएर सुधारका निम्ति आवश्यक सुझाव प्रस्तुत गर्नु ,

**१.४ अनुसन्धानात्मक प्रश्नहरू**

यस शोधपत्रमा कक्षा -८ को जिल्ला स्तरीय परीक्षाका निम्न प्रश्नहरूमा आधारित रहेर अध्ययन गरिएको छ ।

क) २०७१ सालमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्र आन्तरिक र बाह्य आधारमा वैध र विश्वसनीय छन् ?

ख) ती प्रश्नहरू भाषिक सिपका आधारमा उपयुक्त छन् ?

ग) कस्ता प्रश्नहरू निर्माण गर्नु आवश्यक छ ?

**१.५ अध्ययनको महत्त्व**

नेपाली विषयको प्रश्नपत्र निर्माणमा पाठ्यक्रम, विशिष्टीकरण तालिका, पाठ्यपुस्तक तथा समाजमा भाषा शिक्षणले खेल्नु पर्ने भूमिका पूरा भए नभएको तुलनात्मक अध्ययन तथा विश्लेषण गरी प्रश्नपत्रहरूको वैधता तथा विश्वशनीयता औँल्याइएको छ । पाठ्यक्रमले निर्धारण गरेको उद्देश्य पूरा गर्न यस अध्ययनले पूर्वनिर्धारित उद्देश्य प्राप्तिका निम्ति कुशल तथा उपयुक्त प्रश्नपत्रहरू निर्माण गर्न यस शोधकार्यले मार्गनिर्देशन गर्ने छ । विद्यार्थीको क्षमतालाई मध्यनजर गर्दै व्यक्ति, समुदाय तथा देशलाई टेवा पुग्ने भाषिक उपलब्धि प्राप्त गर्ने क्षमता हासिल गराउने प्रश्नहरू निर्माण गर्न यो शोध कार्यले मद्दत गर्ने छ । साथै पाठ्यक्रमविद, विषय विशेषज्ञ, शिक्षक, विद्यार्थी, प्रशासन, समुदाय र सिङ्गो राष्ट्रलाई फाइदा हुने खालका प्रश्नपत्र निर्माण गर्न यो शोध कार्यले सहयोग पुऱ्याउने अपेक्षा गरिएको । त्यसैले यो अध्ययन महत्त्वपूर्ण छ ।

**१.६ अध्ययनको परिसीमा**

यस अध्ययनका निम्न सीमाहरू रहेका छन्

क) झापा, इलाम र पाँचथरमा कक्षा आठको जिल्ला स्तरीय परीक्षा (२०७१) मा उपयोग गरिएका प्रश्नपत्रहरूको मात्र अध्ययन गरिएको छ ।

ख) प्रस्तुत अध्ययन प्रश्नपत्रहरूको विश्वसनीयता, वैधता र स्तरअनुरूपताका आधारमा मात्र अध्ययन गरिएको छ ।

ग) यस अध्ययन प्रश्नपत्रहरूको आन्तरिक र बाह्य आधारमा मात्र अध्ययन र विश्लेषण गरिएको छ ।

यी बाहेकका कुराहरू प्रस्तुत शोधको सीमाका रूपमा रहेका छन् ।

# परिच्छेद : दुई

## सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

शोध कार्यलाई थप स्पष्ट र सही मार्गमा हिँडाउन साथै समस्याको चुरो पत्ता लगाउन तलका सैद्धान्तिक साहित्यको पुनरवलोकनले सहयोग पुऱ्याएको छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरवलोकन

यस सम्बन्धित साहित्यको पुनरवलोकन अन्तर्गत निम्नानुसारका मूल्याङ्कन तथा प्रश्नपत्रहरूका बारेमा लेखिएका पाठ्यपुस्तक, पत्रपत्रिका र लेख रचनाहरूको अध्ययन गरिएको छ ।

अधिकारी (२०५१) द्वारा **शिक्षाशात्र सौरभकाअनुसार** वस्तुतः पठनपाठनमा पाठ्यक्रमका उद्देश्य अनुरूप विषयवस्तुको परीक्षण सम्पन्न गर्न प्रश्नहरूको व्याप्ति र विभिन्न परीक्षणीय पक्षहरू समेट्न सक्ने विशेषता तथा गुणात्मकताको ठूलो महत्त्व रहन्छ। यसरी वार्षिक परीक्षा जस्ता औपचारिक मूल्याङ्कन परिपाटीबाट शिक्षक तथा शिक्षार्थीहरूलाई आफ्नो शिक्षण वा सिकाइ शिक्षणलाई निर्दिष्ट गर्न केही न केही सुझ प्राप्त हुन सक्छ। उक्त कुरा वार्षिक वा अर्धवार्षिक परीक्षामा सोधिने प्रश्नहरूको प्रकृतिमा भर पर्छ। प्रश्नहरू जे जति विशिष्ट वा विशेषित हुन्छन् सोहीअनुरूप तिनने पठनपाठनलाई निर्देशित गर्ने सम्भावना रहन्छ। यसै गरी मूल्याङ्कनका केही महत्त्वपूर्ण पक्षः परीक्षणीय वस्तुको पहिचान, पृथकीकृत र एकीकृत परीक्षण, पहिचानात्मक र उत्पादनात्मक परीक्षणका साथै निबन्धात्मक प्रकृतिका प्रश्नहरूको उल्लेख गरी स्पष्ट पार्ने प्रयास गरेको पाईन्छ।

माथिको अध्ययनमा प्रश्नका प्रकृतिले पठनपाठनलाई निर्देशित गर्ने भएकाले उपयुक्त प्रश्ननिर्माण गर्नु पर्ने ठोस निष्कर्ष दिइएको छ।

पराजुली र अन्य द्वारा लिखित् **"शैक्षिक मापन तथा मूल्याङ्कन"** शीर्षक पुस्तकका अनुसार विद्यार्थीका शैक्षिक उपलब्धि लेखाजोखा गर्ने कार्यमा प्रश्नहरूको निर्माण र प्रयोग गरिन्छ। प्रश्न निर्माण गर्दा भौतिक मापन र मनोवैज्ञानिक मापन मध्ये मनोवैज्ञानिक मापन विधि अपनाई सिकाइ उपलब्धि परीक्षण गरिन्छ। प्रश्नपत्रहरू निर्माण गर्दा उद्देश्य केन्द्रित हुनुपर्छ। प्रश्नहरूमा विश्वसनीय र वैधता रहनुपर्छ प्रश्नपत्रमा वस्तुगत र निबन्धात्मक प्रश्नहरू निर्माण गरिनु पर्छ। प्रश्नपत्र निर्माण कार्यमा विशिष्टीकरण तालिका उपयोग गरिनु पर्छ। प्रश्नपत्र तयारी कार्यमा प्रारम्भिक ढाँचाको तयारी पूर्ण परीक्षण, विश्लेषण, अन्तिम रूपमा तयारी तथा परीक्षा संञ्चालन जस्ता विभिन्न चरणहरु पूरा गर्नै पर्ने धारणा व्यक्त गरिएको छ।

माथिको शैक्षिक मापन तथा मूल्याङ्कन पुस्तकमा प्रश्न निर्माण गर्दा भौतिक मापन र मनोवैज्ञानिक मापन मध्ये मनोवैज्ञानिक मापन विधि अपनाइ सिकाइ उपलब्धि परीक्षण गर्नु भन्ने धारणा व्यक्त गरेको छ।

अधिकारीद्वारा लिखित् **"शैक्षिक मापन तथा मूल्याङ्कन"** शीर्षक पुस्तकका अनुसार विद्यालयमा सञ्चालन गरिने परीक्षण कार्यक्रमको छनौटका आधारहरू आंशिक रूपमा विद्यालयको स्वरूप विद्यार्थीको कक्षा स्तर आदिमा भर पर्दछ। प्रश्नपत्र निर्माण गर्दा विभिन्न आधारहरू जस्तै समस्टिगत स्वरूप, विद्यार्थीहरू समेट्न नियमित समय अन्तरालमा

सञ्चालन, परीक्षणहरू तुलना गर्न योग्य परीक्षणहरू उद्देश्य र पाठ्यक्रम अनुरूप, शुद्दतापूर्वक अङ्कन, परीक्षणको छनौटमा उपयुक्तता नतिजालाई सुहाउँदो आधार अपनाएर व्याख्या, आवश्यकता अनुसार विशेष परीक्षण कार्यक्रमको व्यवस्था आदि पूरा गर्नु पर्ने आशय व्यक्त भएको छ । अधिकारीद्वारा लिखित माथिको पुस्तकमा प्रश्नपत्र निर्माण गर्दाका विभिन्न आधारहरू स्पष्ट रूपमा दिइएको छ ।

## २.२ पूर्व साहित्यको पुनरवलोकन

यस पूर्व साहित्यको पुनरवलोकन अन्तर्गत प्रश्नपत्र सम्बन्धी विभिन्न आधारमा अध्ययन गरिएका १० ओटा शोधपत्रहरूको पुनरवलोकन गरिएको छ ।

ढकाल (वि.सं.२०५८) द्वारा**"२०५७ सालमा उपयोग गरिएका कक्षा दशको नेपाली भाषाका योग्यता जाँच परीक्षाका प्रश्नहरूको विश्लेषण"** शीर्षकमा पुस्तकालयीय विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ । २०५६ को अनिवार्य नेपाली भाषाका प्रश्नपत्र निर्माणमा विभिन्नता नहुनाका कारणहरू पहिल्याउनु, सङ्कलन गरिएका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययन गरी विश्लेषण गर्नु, प्राप्त त्रुटि तथा कमजोरीका आधारमा सुझाव पेश गर्नु भन्ने उद्देश्य राखी शोधकार्य गरिएको छ । पाठ्यक्रमअनुरूप प्रश्नहरू निर्माण नगरिएको, भाषिक पक्षहरूको संयोजन र सन्तुलन नभएको, प्रश्नमा विश्वसनीयता र वैधता नदेखिएको , भाषा सरल, स्पष्ट, स्तरीय र शुद्ध हुनुपर्नेमा त्यसो नभएको भन्ने निष्कर्ष निकालिएको छ ।

माथिको ढकालको अध्ययनमा प्रश्नपत्रका विभिन्नतालाई स्पष्ट पार्ने आधारहरू प्रदान गर्नु यो शोध कार्यका लागि सवल पक्ष मानिन्छ भने तर ठोस धारणा नपाईनु दुर्वल पक्ष रहेको छ ।

आचार्य (वि.सं.२०५९), द्वारा **"२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण"** शीर्षकमा तुलनात्मक विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ । २०५८ को नेपाली भाषाका प्रश्नपत्र निर्माणमा विभिन्नता हुनका कारणहरू पहिल्याउनु, सङ्कलन गरिएका प्रश्पत्रमा प्राप्त त्रुटि तथा कमजोरीका आधारमा सुझाव पेश गर्नु भन्ने उद्देश्य राखी प्रस्तुत शोधकार्य तयार गरिएको छ । प्रश्नपत्रहरूको विश्लेषण बाह्य र आन्तरिक दुई आधारमा गरिएको छ । बाह्य आधारमा प्रश्नहरूको विश्लेषण गर्दा निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति, अनुक्रम, भाषा, स्वरुप, छपाइ र सरसफाइलाई प्राथमिकता दिइएको छ । अन्तरिक आधारमा पाठ्यक्रम अनुरूपता, भाषिक

पक्षहरूको संयोजन र सन्तुलन, प्रश्नमा हुनुपर्ने गुण, भाषा तथा प्रश्नका विधिहरूको चर्चा गरिएको निष्कर्ष निकालिएको छ ।

माथिको आचार्यद्वारा अध्ययनमा प्रश्नपत्रको तुलनात्मक अध्ययनमा बाह्य र आन्तरिक दुई आधारमा गर्नु उपयुक्त हुने कुरा उल्लेख गरिएको छ । यो कुरा शोध तयारका लागि सवल पक्ष भएको छ भने प्रश्नपत्र विभिन्नता हुनका स्पष्ट कारण पहिल्याउन नसक्नु दुर्वल पक्ष रहेको छ ।

इटनी (वि.सं.२०५९), द्वारा**"एस.एल.सी. टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयको प्रश्नपत्रहरूको अध्ययन"** शीर्षकमा शोधकार्य तयार पारिएको छ । एस.एल.सी.टेस्ट परीक्षा २०५८ मा उपयोग गरिएका नेपाली भाषा विषयका प्रश्नपत्रमा पाइएका तहगत स्तर पहिचान गर्नु र प्रश्नपत्रमा भएका कमीकमजोरीहरू औँल्याएर सुधारका निम्ति आवश्यक सुझावहरू प्रस्तुत गर्नु भन्ने उद्देश्य राखी यो शोधकार्य तयार गरिएको छ । शिरोभागमा प्रयुक्त अक्षरको आकारमा एकरूपता नपाइएको, वस्तुगत प्रश्नको प्रयोग नगरी केवल विषयगत प्रश्नहरूको मात्र प्रयोग गरेको, प्रश्नपत्रको आकार-प्रकारमा विविधता रहेको भन्ने निष्कर्ष निकालिएको छ ।

मथिको शोधकायमा प्रश्नपत्रमा भएका कमजोरीहरू औल्याइ सुधारक आवश्यक सुझाव पेश गरिएको छ यो कुरा शोध तयार गर्न सवल पक्ष रहेको छ भने उपायका आधारहरू नदिनु दुर्वल रहेको छ ।

पौडेल (वि. सं. २०६०), द्वारा**"उच्च माध्यमिक तह अनिवार्य नेपाली विषयका २०५२-२०५९ सम्मका प्रश्नपत्रशरूको विश्लेषणात्मक अध्ययन"** शीर्षकमा शोधकार्य पूरा भएको छ । उच्च माध्यमिक तहका नेपाली भाषाका प्रश्नपत्रहरू सैद्धान्तिक आधारमा अध्ययन गर्नु, प्रश्नपत्रमा रहेका कमजोरीहरू पहिल्याउनु, प्रश्नपत्रको सुधारका निम्ति सुझावहरू दिनु भन्ने उद्देश्यमा शोधकार्य पूरा भएको छ । प्रश्नपत्रहरूको विश्लेषण आन्तरिक र बाह्य आधारमा गरिएको छ । यसरी विश्लेषण गर्दा केही प्रश्नपत्र पाठ्यक्रमको प्रकृतिअनुसार नदेखिएका र भाषामा पर्याप्त त्रुटि रहेको निष्कर्ष निकालिएको छ । माथिका अध्ययनमा प्रश्नपत्रहरूको कमजोरीहरू पहिल्याई सुधारको सुझावहरू दिनु यो शोधकार्यका लागि सवल पक्ष मानिन्छ भने अध्ययन गर्ने सैद्धान्तिक आधार स्पष्ट नपार्नु दुर्वल पक्ष रहेको छ ।

बस्नेत (वि.सं.२०६२), द्वारा**"कक्षाआठको जिल्ला स्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन"** शीषकमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । भाषिक

प्रश्न निर्माणका आधारहरूको सैद्धान्तिक आँकलन गर्ने, प्रश्नपत्रको बाह्य वैधताका आधारबाट अध्ययन-विश्लेषण गर्ने, प्रश्नपत्रको आन्तरिक वैधताका आधारमा अध्ययन-विश्लेषण गर्ने र अध्ययनबाट प्राप्त कमीकमजोरी औँल्याइ सुधारात्मक सुझाव दिने उद्देश्यमा यो शोधकार्य पूरा भएको छ । भाषिक सिपको विकास गर्ने प्रकृतिका भन्दा विषयवस्तुलाई जोड दिने खालका प्रश्न देखिएकाले समग्रमा प्रश्नपत्रहरू कमजोर भएको निष्कर्ष निकालिएको छ । माथिको शोधकार्यमा प्रश्नको आन्तरिक र बाह्य वैधताका अध्ययनमा कमीकमजोरी औल्याइ सुधारात्मक सुझाव दिनु यस शोधकार्यका लागि सवल पक्ष रहेको छ भने विषयगत र वस्तुगत आधारमा केही कुरा नर्गनु दुर्वल पक्ष रहेको छ ।

दाहालद्वारा **"२०६७ सालमा उपयोग गरिएका कक्षा आठका नेपाली भाषाका प्रश्नहरूको विश्लेषण"** शीर्षकमा तुलनात्मक विधि र पुस्तकालय विधिको प्रयोग गरी शोधकार्य पूरा गरिएको छ । २०६७ सालको नेपाली भाषाका प्रश्नहरूका पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टीकरण तालिकासँगको अनुरूपता, प्रश्नहरूको आन्तरिक र बाह्य वैधता पहिल्याउने, प्रश्नपत्रहरूमा पाइने समानता र असमानता पत्ता लगाउन, शोधकार्यबाट प्राप्त कमीजोरीहरू औँल्याएर सुधारका निम्ति आवश्यक सुझाव प्रस्तुत गर्न, जस्ता उद्देश्य राखी यो शोधकार्य गरिएको छ । भाषिक सीप विकास गर्ने प्रकृतिका भन्दा विषयवस्तुलाई जोड दिने खालका प्रश्न देखिएकाले समग्रमा प्रश्नपत्रहरू कमजोर भएको निष्कर्ष निकालिएको छ । प्रश्नपत्रहरू पाठ्यक्रम सापेक्ष हुन नसकेको, हुबहु पाठ्यपुस्तक केन्द्रित रहेको, विशिष्टीकरण तालिकाको आधारमा प्रश्नपत्र तयार नगरिएको, प्रश्नपत्रमा वैधता कम भएको आदि जस्ता निष्कर्ष निकालिएको छ । माथिको प्रश्नपत्रहरू भाषिक सीप विकास गर्ने प्रकृतिका भन्दा विषयवस्तुलाई जोड दिने प्रकृतिको प्रश्न निर्माण भएको र सही मापन हुन नसकेको निष्कर्ष पाइनु यस शोधकार्यका लागि सवल पक्ष रहेको छ भने सुधारात्मक उपाय उल्लेख नगरिनु दुर्वल पक्ष रहेको छ ।

पौड्यालद्वारा ( २०६९ ) सालमा उपयोग गरिएका **कक्षा आठका नेपाली भाषाका प्रश्नपत्रहरूको** शीर्षकमा तुलनात्मक विधि र पाठ्यपुस्तकीय विधि अपनाइ शोधकार्य पूरा गरिएको छ । उक्त अध्ययनमा मोरङ, झापा र धनकुटा जिल्लाका कक्षा आठको जिल्ला स्तरीय परीक्षा ( २०६९ ) मा उपयोग गरिएका प्रश्नपत्रहरूको तुलनात्मक अध्ययनमा शोध गरिएको छ । पाठ्यक्रम, पाठ्यपुस्तक, विशिष्टीकरण तालिका र वैधताका आधारमा अध्ययन गरी उपयुक्त सुझाव, सल्लाह दिइएको छ । यो कार्य शोधका लागि अध्ययन गरी अगाडि

बढ्न सवल पक्ष बनेको छ भने प्रश्नहरूका बाह्य र आन्तरिक आधारमा स्पष्ट धारणा नदिनु दुर्वल पक्ष रहेको छ ।

श्रेष्ठद्वारा ( २०६९ ) सालमा **कक्षा आठको जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा वर्णनात्मक, विश्लेषणात्मक, समालोचनात्मक र पुस्तकालयीय विधिमा शोधकार्य पूरा गरिएको छ । बाह्य वैधता र आन्तरिक वैधताका आधारमा तेह्रथुम, धनकुटा र भोजपुर जिल्लाका कक्षा आठमा उपयोग गरिएका जिल्ला स्तरीय प्रश्नपत्रहरूको अध्ययन गरी उपयुक्त निष्कर्ष निकाली आवश्यक सुझाव तथा सल्लाह प्रस्तुत गरिनु यस शोधकार्यका लागि सवल पक्ष मानिन्छ; भने सुझावलाई नीतिगत, अभ्यासगत र अनुसन्धानगत नछुट्याइनु दुर्वल पक्ष रहेको छ ।

चुडालद्वारा ( २०६९ ) सालमा उपयोग गरिएका **कक्षा आठका नेपाली भाषाका प्रश्नपत्रहरूको अध्ययन** शीर्षकमा तुलनात्मक र पुस्तकालयीय विधि अपनाई शोधकार्य पूरा गरिएको छ । उक्त अध्ययनमा झापा, मोरङ, सुनसरी र धनकुटा जिल्लाका कक्षा आठमा उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । प्रश्नपत्रहरूलाई पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिका अनुरूप छन् छैनन् भनी अध्ययन गरी प्रश्नहरूको विश्वसनीयता र वैधता पत्ता लगाई प्रश्नपत्रहरूका समानता र असमानता पत्ता लगाइएको छ । यो कार्य शोधका लागि सवल पक्ष रहेको छ । आवश्यक सुझाव प्रस्तुत नगरिनु दुर्वल पक्ष रहेको छ ।

शर्माद्वाराप्रस्तुत(वि.सं.२०३४),मा त्रि.वि.नेपाली शिक्षकहरूको सम्मेलनमा“**मूल्याङ्कन विधि”** नामक कार्यक्रमले प्रश्नपत्र निर्माणका पछिल्ला सुधारात्मक कदमको प्रारम्भिक विन्दुमा ठूलो सहयोग पुऱ्याएको मान्न सकिन्छ । प्रश्नपत्र निर्माणका पछिल्ला सुधारात्मक कदमको प्रारम्भिक विन्दुमा ठूलो सहयोग पुऱ्याउनु आधार प्रदान गर्नु यो शोधकार्यका लागि सवल पक्ष रहेको छ भने सैद्धान्तिक पाटोमा स्पष्टता नदिनु दुर्वल पक्ष रहेको छ ।

अग्रज शोधकर्ताबाट भएका माथि उल्लिखित विविधका शीर्षकमा शोधकार्य भए पनि कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०७१ म उपयोग गरिएका प्रश्नपत्रहरूको अध्ययन शीर्षकमा कुनै शोधकार्य भएको पाइएन । फेरि जिल्ला स्तरीय प्रश्नपत्र वर्षैपिच्छे निर्माण प्रयोग गरिने विषय भएकाले यसको समग्र अध्ययन हुन सक्ने सम्भावनासमेत नभएकाले सोको अध्ययन गर्नु आवश्यक ठानिएको छ ।


## २.३ पुनरवलोकनको उपादेयता :


कुनै न कुनै काम सुरू गर्नु भन्दा पहिले आफूले गर्न लागेको काम सँग सम्बन्धित पक्षहरूको अध्ययन, अनुसन्धान गरी काम अगाडि बढाइयो भने अवश्य त्यो काम सफल हुन्छ । त्यस्तै शोध कार्यमा पनि सम्बन्धित साहित्यको पुनरावलोकन गरी शोध कार्य अगाडि बढाउनु पर्छ । तव मात्र स्पष्ट मार्गनिर्दशन प्राप्त गरी समस्याको चुरोमा पुग्न सकिन्छ । हाल सम्म धेरै किसिमका शोधहरू भइसकेका छन् । ती मध्ये केही शोधहरुको माथि २.२ मा अध्ययन गरिएको छ ।

माथिको अध्ययन पश्चात यो शोध कार्य तयार पार्न मलाई व्यावहारिक रूपमा निम्न कुराहरूमा फाईदा पुगेको छ । समस्याको विशिष्टीकरण गर्न, सैद्धान्तिक पृष्ठभूमि प्रदान, अवधारणा स्पष्ट पारी परिभाषीकरण गर्न, पुनरावृतिका सम्भावनालाई हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, नयाँ एवम् उपयुक्त प्रविधि अपनाउन, समस्याको चुरो पत्ता लगाउन, समस्याको औचित्य स्थापित गर्न, विश्लेषणको आधार खोज्न, शोधको आश्यकता बोध गराउन आदि ।

## २.४ अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्य निम्नानुसार अवधारणात्मक ढाँचा अनुरूप अघि बढाइएको छ ।






## परिच्छेद : तीन

## अध्ययनको विधि र प्रक्रिया

कुनै पनि शोधकार्यलाई सफल बनाउनका लागि उक्त अध्ययन कार्यका क्रममा विभिन्न प्रकारका तरिका, विधि, साधन, मापन आदिको प्रयोग गर्दै सम्पन्न गर्नु पर्ने हुँदा यस अध्ययन कार्यलाई पूरा गर्नका लागि विभिन्न प्रकारका विधिहरूको प्रयोग गर्दै अनुसन्धान कार्य सम्पन्न गरिएको छ । यसमा खास गरी अध्ययनको ढाँचा, अध्ययनको क्षेत्र,

तथ्याङ्क सङ्कलनका साधन र तरिका, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्कको व्याख्या विश्लेषण जस्ता विषय उल्लेख गरिएको छ ।

## ३.१ अध्ययनको ढाँचा र विधि

यस अध्ययनमा सामग्री सङ्कलन पछि तुलनात्मक विधि र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा सामग्री सङ्कलन पछि त्यसको अध्ययन विश्लेषण गरिएको छ ।

## ३.२ अध्ययनको क्षेत्र

शोधकार्यलाई सफल बनाउन, निष्कर्षमा पुऱ्याउन अपनाइने क्षेत्र नै अध्ययनको क्षेत्र हो । अध्ययनको क्षेत्र अन्तर्गत कक्षा आठको जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रको विभिन्न जिल्लाको आज भन्दा अगाडि अध्ययन गरिएको छ । तर २०७१ मा उपयोग गरिएका झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रको अधययन नगरिएको कारणले उक्त क्षेत्रमा रहेका विभिन्न विद्यालयबाट प्रश्नपत्र सङ्कलन गरी पाठ्यक्रम र विशिष्टीकरण तालिकाको आधारमा तुलनात्मक विधिको प्रयोग गर्दै शोधकार्य सम्पन्न गरिएको छ । यस अध्ययनको क्षेत्र झापा, इलाम, पाँचथर जिल्ला रहेका छन् ।

## ३.३तथ्याङ्क सङ्कलनका साधन र तरिका

शोध कार्यलाई निष्कर्षमा पुऱ्याउनका निम्ति अवलोकन प्रक्रियाद्वारा कक्षा आठको नेपाली पाठ्यपुस्तक, पाठ्यक्रम, विशिष्टीकरण तालिका अन्य प्रश्न निर्माणसँग सम्बन्धित् मुद्रित सामग्रीहरू तथ्याङ्क सङ्कलनका साधनका रूपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलन प्रक्रिया

उपयुक्त अनुसन्धानका निम्ति तथ्याङ्क विधि निकै महत्त्वपूर्ण रहेको हुन्छ । शोधकार्यलाई दिशा निर्देशन गर्न, सही मार्गमा हिँडाउन तथ्याङ्क विधिको ठूलो भूमिका रहेको हुन्छ । यस शोधमा द्वितीय स्रोत तथ्याङ्क सङ्कलन गर्दा सन्दर्भ सामग्री, विभिन्न शोधसँग सम्बन्धी पत्रपत्रिका, लेख रचना, पाठ्यपुस्तक, शोधपत्र, विशिष्टीकरण तालिका, पाठ्यक्रम तथा प्रकाशित अन्य व्यक्तिका शोधपत्रलाई आधार मानिएको छ । तथ्याङ्क सङ्कलन प्रक्रिया अन्तर्गत अवलोकन, सर्वेक्षण र प्रयोग विधिद्वारा सङ्कलन गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण

यस शोधपत्रलाई व्यवस्थित बनाउन उपलब्ध तथ्याङ्कको प्रकृति अनुसार तालिकीकरण र वर्गीकरण गरी व्याख्या विश्लेषण गरिएको छ । सङ्कलन पछि यस अध्ययनलाई व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा अध्ययन गरिएको छ ।

## परिच्छेद : चार

## नतिजाको व्याख्या एवम् विश्लेषण

### ४.१ पाठ्यक्रम र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रको अध्ययन

प्रश्नपत्र विद्यार्थीको शैक्षिक उपलब्धि मापनको एक महत्त्वपूर्ण साधन हो । शिक्षण सिकाइक्रियाकलाप पछि विद्यार्थीहरूले निर्धारण गरेका शैक्षिक उद्देश्यहरू के कति हाँसिल गर्न सक्षम भए भएनन भनी प्रश्नपत्रका माध्यमबाट मापन गरिन्छ । प्रश्नपत्रले पाठ्यक्रमका उद्देश्यहरूको मूल्याङ्कन गर्न सक्नु पर्दछ । स्तरीय र उपयुक्त प्रश्नपत्रले पाठ्यक्रमको मर्म र अपेक्षालाई समेटिनु पर्दछ । प्रस्तुत खण्डमा प्रश्नपत्रलाई कक्षा आठको नेपाली विषयको पाठ्यक्रमसँग तुलना गर्दै प्रश्नपत्रको उपयुक्ततालाई विश्लेषण गरिएको छ । पाठ्यक्रम एउटा बृहत अवधारणा हो । यसले समग्र शैक्षिक प्रणालीलाई निर्देशित गरेको हुन्छ । प्रश्नपत्रलाई पाठ्यक्रमका आधारमा विश्लेषण गरिएको छ ।

परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६४ सँग अध्ययन कार्यमा उपयोग गरिएका तीन जिल्लाहरू झापा, इलाम र पाँचथरका प्रश्नहरूलाई तुलना गरी प्रश्नपत्रमा सङ्कलित एक एक प्रश्नलाई अध्ययन गरी प्रश्नपत्र र विशिष्टीकरण तालिकाबीचको अनुरूपतालाई यस खण्डमा प्रस्तुत गरिएको छ । यसका लागि विशिष्टीकरण तालिका २०६१ अनुसार सिफारिस गरिएका प्रश्नका प्रकार ( पढाइ र लेखाइ ) का शीर्षकलाई अध्ययन कार्यमा लिँदै प्रश्नको तह, प्रश्नको सङ्ख्या, अङ्कभार र समयलाई प्रश्नपत्रमा उल्लेख गरिएअनुसार र विशिष्टीकरण तालिकाबीच तुलना गर्दै प्रश्नपत्रको अध्ययनलाई प्रस्तुत गरिएको छ ।

## ४.२ बाह्य र आन्तरिक आधारमा प्रश्नपत्रको वैधताको विश्लेषण

### ४.२.१ बाह्य आधारमा विश्लेषण

प्रश्नपत्रलाई बाह्य आधारमा विश्लेषण गर्नु भनेको यसको रूपविधानलाई अध्ययन गर्नु हो । यसले प्रश्नपत्रको आकृतिगत पक्षलाई निर्धारण गर्दछ । प्रश्नपत्रमा आकृतिगत वैधताको अध्ययनका लागि प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम र भाषालाई लिइएको छ । यसरी यस अध्ययनमा प्रश्नपत्रमा भएको आकृतिगत वैधतालाई केलाउने काम गरिएको छ ।

#### ४.२.१.१ प्रश्नपत्रको स्वरूप

स्वरूप भनेको अनुहार हो अथवा आकार प्रकार हो । स्वरूप अन्तर्गत शीर्ष भाग, आकार, प्रश्न सङ्ख्या, पृष्ठ, कागज, छपाइ र सफाइ सम्बन्धी विषयहरू पर्दछन् । प्रयोग

गरिने प्रश्नपत्रहरू स्वरूपका दृष्टिले पनि उपयुक्त हुनु पर्दछ । यसका आधारमा प्रश्नपत्रहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.२.१.१.१ शीर्ष भाग

प्रश्नपत्रको शीर्ष भागमा सम्बन्धित संस्थाको नाम स्पष्ट, शुद्ध र ठूला अक्षरमा लेख्नु राम्ररो मानिन्छ । यसै आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको शीर्ष भागको अवस्था निम्नानुसार पाईन्छ ।

क) झापा : निम्नमाध्यमिक उत्तीर्ण परीक्षा २०७१

ख) इलाम : निम्न माध्यमिक उत्तीर्ण परीक्षा २०७१

ग) पाँचथर : निम्न माध्यमिक उत्तीर्ण परीक्षा २०७१

यसरी प्रत्येक जिल्लाले आफ्नो जिल्लाको नाम उल्लेख नगर्नुलाई समानताका रूपमा हेर्न सकिन्छ

### ४.२.१.१.२ उपशीर्ष भाग

उपशीर्ष भागअन्तर्गत प्रश्नका लागि लिखित् निर्देशन र प्रश्न नं. सहित प्रश्न सुरू नभएसम्मको अवस्थालाई यस खण्डमा राखेर अध्ययन गरिएको छ । यस अन्तर्गत निम्न भाग पर्दछ ।

क) विषय

ख) कक्षा

ग) समय

घ) पूर्णाङ्क

ङ) उत्तीर्णाङ्क

यसरी अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूको उपशीर्ष भागको प्रस्तुतीकरणलाई तल तालिकामा देखाइएको छ ।

तालिका नं. १

उपशीर्षक भागका एकाइ

| जिल्ला | उपशीर्षक भागमा एकाइ | | | | |
|---|---|---|---|---|---|
| | विषय | कक्षा | समय | पूर्णाङ्क | उत्तीर्णाङ्क |
| झापा | नेपाली | ८ | ३ घण्टा | १०० | ३२ |
| इलाम | नेपाली | ८ | ३ घण्टा | १०० | ३२ |
| पाँचथर | नेपाली | ८ | ३ घण्टा | १०० | ३२ |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई हेर्दा उपशीर्षक भागका एकाइ अन्तर्गत झापा, इलाम र पाँचथर जिल्लाको प्रश्नपत्रमा समय (३ घण्टा), पूर्णाङ्क (१००) र उत्तीर्णाङ्क (३२) समान स्तरको पाइयो ।

### ४.२.१.१.३ आकार

प्रश्नपत्र लामो, मध्यम र छोटो खालको बनाउने कुरा नै आकार हो । प्रश्नपत्र यस्तै आकारको हुनुपर्छ भन्ने सैद्धान्तिक मान्यता नभए पनि भद्दा किसिमले सजिएको हुनु उपयुक्त हुँदैन । प्रश्नको प्रकृति, परीक्षण, उद्देश्य, समय र प्रश्न सङ्ख्याको आकारले प्रश्नपत्रमा ठूलो भूमिका निर्वाह गरेको हुन्छ । यस दृष्टिले हेर्दा प्रतिनिधि प्रश्नपत्रहरू उपयुक्त नै मानिन्छन् ।

### ४.२.१.१.४ प्रश्न सङ्ख्या

प्रश्नपत्रमा प्रश्न सङ्ख्याले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । हुन त प्रश्न सङ्ख्या दृष्टाशीय तत्व भए तापनि यसलाई केन्द्रीय पाठ्यक्रम र विशिष्टीकरण तालिकाले पनि प्रभाव पारेकोहुन्छ । यस दृष्टिले हेर्दा झापा, इलाम र पाँचथर जिल्लाका प्रश्न सङ्ख्या १७ वटाका दरले समान रहेका छन् । यसरी प्रश्न सङ्ख्यालाई हेर्दा ती प्रश्नपत्रहरू कक्षा आठका स्तर अनुकूल नै रहेका छन् ।

### ४.२.१.१.५ प्रश्न र पृष्ठ

बनोट तथा स्वरूपका दृष्टिले एउटै प्रश्नलाई दुई ओटा पृष्ठमा राखिनु राम्रो हुदैन तर उपप्रश्नहरू कहिलेकाहीँ राख्नु पर्ने अवस्था पनि हुन्छ । यसले विद्यार्थीहरू झुक्किने सम्भावना रहन्छ र प्रश्न पत्रको स्वरूप पनि विग्रन्छ एउटा प्रश्नको निर्देशन अर्को पृष्ठमा भयो भने परीक्षार्थी अलमल पर्ने अथवा निर्देशन र प्रश्नहरूको तालमेल बुझ्नलाई बारम्बार पाना पल्टाइरहनु पर्ने हुन्छ । सङ्केत प्रष्ट नभएका प्रश्नहरूलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २

प्रश्न र पृष्ठ

| | जिल्ला | |
|---|---|---|
| १ | झापा | ३ |
| २ | इलाम | ९ |
| ३ | पाँचथर | ३ |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

यहाँ झापा र पाँचथर जिल्लाको प्रश्न नं. ३ र इलाम जिल्लाको प्रश्न नं. ९ मा प्रश्नहरूको सङ्केत नभएको पाइयो यसरी यस अध्ययनमा उपयोग गरिएका झापा, इलाम र पाँचथर ३ ओटै जिल्लाका प्रश्नपत्रमा एउटा प्रश्न दुई ओटा पृष्ठमा राखिएकोले पल्टाउनुपर्ने स्थिति रहेको छ । यसले गर्दा परीक्षार्थीलाई समय खेर जाने, झन्झट र अलमल पर्ने देखिन्छ ।

#### ४.२.१.१.६ कागज

प्रश्नपत्रको स्वरूपलाई कागजको स्तरले पनि प्रभावित गर्छ । सादा र रङ्गीन जुनसुकै उपयुक्त हुने भए पनि रङ्गीन कागज प्रयोग गर्दा अक्षरलाई बढी आकर्षित र सुन्दर बनाउन मद्दत गर्ने रङ्को प्रयोग गर्नु पर्दछ । यस आधारमा हेर्दा तीनवटै जिल्लाका प्रश्नपत्रहरू सेतो कागजमा छपाइएको र मध्यम स्तरको कागजको प्रयोग गरिएको छ ।

#### ४.२.१.१.७ छपाइ र सफाइ

प्रश्नहरूको सङ्कलन गरी परीक्षा सञ्चालन पूर्व प्रश्नपत्रको छपाइका क्रममा अक्षरको उपयुक्त आकार, अनुच्छेद तथा वाक्यबिचको फरक प्रश्न नं. इत्यादीको सेटिङ् पढ्न सहज र छिटो हुने गरी गर्नु पर्दछ । समूह, उपसमूह इत्यादी भए त्यसमा सहजै देखिने गरी राखिनु पर्दछ । त्यसै गरी प्रश्नपत्रमा उपयुक्त किनारा ( कम्तिमा चारैतिर २ से. मि.) छोडिएको हुनु पर्ने भए तापनि अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरू यस कार्यमा भने सचेत पाइएन । त्यसै गरी पृष्ठ सङ्ख्या एवम् पृष्ठ निर्देशन कृ.प.उ., क्रमश आदि जस्ता शब्दहरू उल्लेख गर्न अध्ययनमा समावेश प्रश्नपत्रहरू चुकेका छन् । यसै गरी प्रश्नपत्रको कागजको गुणस्तरमा ध्यान दिन सके अझ प्रभावकारी हुने थियो ।

### ४.२.१.२ निर्देशन

परीक्षाका लागि प्रश्नपत्र तयार गरी एकत्रित वा सङ्गठित गर्ने कार्यका लागि परीक्षाको स्पष्ट निर्देशनहरू तयार गर्नु आवश्यक छ । परीक्षाको निर्देशन तयार गर्दा परीक्षाको उद्देश्य, उत्तरका लागि समय, उत्तरका आधार र उत्तर दिने तरिका प्रश्नपत्रमा उल्लिखित हुनुपर्छ । निर्देशन अस्पष्ट र अशुद्ध, महत्त्वकाङ्क्षी, दोहोरो अर्थ लाग्ने खालको जटिल भयो भने प्रश्न एवम् परीक्षणीय उद्देश्यहरूनै निरर्थक हुन्छन् ।

### ४.२.१.२.१ शीर्ष निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा रहने समग्र प्रश्नहरूको मूल निर्देशन नै शीर्ष निर्देशन हो । समय सीमा र प्रश्नको प्रकृति अनुसार निर्देशन सरल र वस्तुनिष्ठ तरिकाले प्रस्तुत गरिनु पर्छ । उक्त दृष्टिकोणले हेर्दा झापा जिल्लाको शीर्ष निर्देशन दिइएको पाइदैन । इलाम र पाँचथर जिल्लाको शीर्ष निर्देशन दिइएको छ । इलाम जिल्लाको शीर्ष निर्देशनमा “अङ्क दिंदा आफ्नै शैलीमा मौलिक उत्तर अभिव्यक्त गरी दिइएका सिर्जनात्मक उत्तरलाई प्राथमिकता दिइनेछ ।” भनिएको छ । त्यसै गरी पाँचथर जिल्लाको शीर्ष निर्देशनमा “विद्यार्थीले आफ्नै भाषा शैलीमा दिएको उत्तरलाई प्राथमिकता दिइने छ ।” भनिएको छ ।

### ४.२.१.२.२ प्रश्न निर्देशन

प्रत्येक प्रश्नका निर्देशनले प्रश्नको आशय, उद्देश्य, प्रक्रिया तथा सीमाहरू निर्धारण गरेको हुन्छ । प्रश्नपत्रलाई वैध, स्पष्ट, उद्देश्यपूर्ण, सरल एवम् प्रभावकारी तुल्याउन प्रश्न निर्देशन सहायक तत्व हो । एउटा प्रश्नभित्र उपप्रश्नहरू रहने स्थितिमा त निर्देशन अझ आवश्यक हुन्छ । निर्देशन विनाको प्रश्न अस्पष्ट, अन्योलपूर्ण, अपूर्ण र अवैधसमेत हुन्छ । यसैगरी कति प्रश्नहरूको उत्तर लामो वा छोटो लेख्ने त्यसैगरी उपप्रश्नहरू भए ती मध्ये

कति ओटा उत्तर दिने भन्ने कुरा पनि प्रश्न निर्देशनले स्पष्ट पार्नु पर्दछ । यस आधारमा हेर्दा सङ्कलन गरिएका प्रतिनिधि प्रश्नहरूको स्थिति सन्तोषजनक नै छ । सबै जिल्लाले प्रयोग गरेर प्रश्नमा स्पष्ट निर्देशन दिइएको छ ।

### ४.२.१.२.३ विकल्प निर्देशन

भषाका प्रश्न निर्माण गर्दा विकल्प छनोट गर्ने गरी व्यवस्था मिलाउनु आफैमा राम्रो मानिदैन तर विद्यार्थीलाई सरल होस् भन्ने हेतुले विकल्प सहित प्रश्नहरू बनाउने प्रचलन छदैं छ । विकल्प निर्देशनलाई स्पष्ट पार्न वा अथवा भनी रोज्ने स्थिति सिर्जना हुँदा पहिलो प्रश्नको अन्त्यपछि दोस्रो पङक्ति स्पष्ट देखिने गरी लेखेर मात्र विकल्प प्रश्न लेख्ने व्यवस्था मिलाउनु पर्छ । अर्को थरिका विकल्प अङ्क वा अक्षरमा दिने प्रचलन पनि देखिएकाले यस्तो अवस्थामा एकरूपता हुनुपर्ने देखिन्छ । उक्त आधारमा हेर्दा प्रतिनिधि प्रश्नपत्रहरूमा निम्नानुसारको व्यवस्था पाइन्छ ।

क) झापा : विकल्प अक्षरमा लेखिएको र प्रश्न नं.१, २, ५, ६, ७, ८, र ९ विकल्प दिइएको छ ।

ख) इलाम : विकल्प अक्षरमा लेखिएको र प्रश्न नं. ११, १२, १४, १५, १६, र १७ विकल्प दिइएको छ ।

ग) पाँचथर : विकल्प अक्षरमा लेखिएको र प्रश्न नं. १, २, ५, ६, ७, ८, र ९ विकल्प दिइएको छ ।

यसरी हेर्दा तीन ओटै जिल्लाको अङ्कमा विकल्प निर्देशन नगरी अक्षरमा नै विकल्प निर्देशन गरेको पाइयो । झापा जिल्लाले ७ ओटा इलाम जिल्लाले ६ ओटा र पाँचथर जिल्लाले ७ ओटा विकल्प राखेको पाइयो ।

### ४.२.१.२.४ पृष्ठ निर्देशन

पृष्ठ भनेको पाना हो । भाषाका प्रश्नपत्रहरू केही लामा नै हुने भएकाले एउटै पृष्ठमा अटाउन नसक्लान । यस्तो अवस्थामा एकभन्दा बढी पृष्ठ गर्नु पर्ने हुन्छ । अर्को पृष्ठमा पनि छ भनी जानकारी दिनु पृष्ठ निर्देशन हो । यसबाट परीक्षार्थी र परीक्षक दुवै झुक्किने सम्भावनाबाट मुक्त हुन्छन् । पृष्ठ निर्देशन गर्ने क्रममा क्रमश, कृ.प.उ. अर्को पट्टि, १,२,३ आदि जस्ता लेख्ने प्रचलन पाईन्छ । प्रश्नपत्रमा कुनै पाना छुट भएको अगाडि गर्नु पर्ने काम बाँकी भएको कुराले अग्रिम जानकारी लिनु महत्त्वपूर्ण मानिन्छ । यसैगरी प्रश्न समाप्त

भएको सङ्केत पाउनका लागि समेत पृष्ठ निर्देशन अनिवार्य र महत्त्वपूर्ण मानिन्छ । उक्त आधारमा सङ्कलन गरिएका प्रश्नहरूको स्थिति निम्नानुसारको देखिन्छ ।

क) झापा जिल्लाको प्रश्नपत्रको पृष्ठहरूमा केही उल्लेख नगरिएको तर अन्त्यमा “धन्यवाद” उल्लेख गरिएको ।

ख) इलाम जिल्लाको प्रश्नपत्रको पृष्ठमा केही उल्लेख नगरिएको अन्त्यमा “समाप्त”उल्लेख गरिएको छ ।

ग) पाँचथर जिल्लाको पश्नपत्रको पृष्ठमा पनि केही कुरा उल्लेख नगरिएको अन्त्यमा “समाप्त”नै उल्लेख गएिको छ ।

यसरी हेर्दा तीन ओटै जिल्लाहरूले पृष्ठ निर्देशनलाई बेवास्ता गरेको देखिन्छ । यसबाट परीक्षार्थी र परीक्षकलाई कुनै विषय छुट्यो कि भन्ने शङ्का हुने प्रश्न नम्बरको क्रमिकतालाई हेर्न झन्झट हुन्छ । अन्त्यमा आएर तीन ओटै जिल्लाले अन्त्य भएको भनी निर्देशन दिएका छन् ।

### ४.२.१.२.५ समय निर्देशन

प्रश्नपत्रको शीर्ष भागमा नै कति समयमा प्रश्नपत्रको उत्तर दिइनुपर्ने हो । त्यसको स्पष्ट निर्देशन दिइनु पर्दछ । बेग्लाबेग्लै प्रकृति (विषयगत, बस्तुगत) का प्रश्नका लागि बेग्लाबेग्लै समय निर्देशन गर्नु आवश्यक छ । समय निर्देशनले निश्चित समय सीमा भित्र प्रश्नको उत्तर दिन परीक्षार्थीहरूलाई महत्त्वपूर्ण आधार प्रदान गर्दछ । यस बारे माथि तालिका नं.१ म उल्लेख गरिएको छ ।

### ४.२.१.२.६ अङ्क निर्देशन

उपयुक्त प्रश्नपत्रको शीर्ष भागमा पूर्णाङ्क तथा उत्तीर्णाङ्कको अङक निर्देशन गर्नु आवश्यक हुन्छ । यसरी यस अध्ययनमा उपयोग गरिएका प्रश्नपत्रहरूका पूर्णाङ्क, उत्तीर्णाङक तथा समयलाई तालिका नं.१ मा उल्लेख गरी सकिएको छ । सोही पूर्णाङकलाई आधार बनाई प्रश्नपत्रहरूमा प्रश्नहरू वितरण गरिनुका साथै प्रश्नहरूका अङ्क ( मूल्य ) निर्देशन गरिन्छ । यसले प्रश्नको उपयुक्तता तथा औचित्यतालाई मध्यनजर गरी हरेक प्रश्नको उत्तर दिए वापत कति अङ्क पाउने सङ्केत गर्छ । यसले प्रश्नको मूल्यअनुसार समय सीमामा बाँधिन परीक्षार्थीलाई सहयोग गर्दछ । परीक्षामा सफल हुन परीक्षार्थीले समयको व्यवस्थापन गरी योजनाबद्द ढङ्गले राम्रो अङ्क प्राप्त गर्न मद्दत गर्दछ । उक्त आधारमा प्रतिनिधि प्रश्नपत्रहरूको अङ्क निर्देशन निम्नानुसार गरिएको छ ।

## तालिका नं.३

| क्र.स. | जिल्ला | प्र.स. | पूर्णाङ्क | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ | १६ | १७ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | झापा | १७ | १०० | २० | १० | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | ३ | ४ | ६ | २ | ५ | २ | ५ | ३ |
| २ | इलाम | १७ | १०० | २ | ५ | ५ | ३ | २ | ३ | ४ | ६ | ५ | ५ | ५ | ५ | १० | ५ | ५ | २० | १० |
| ३ | पाँचथ | १७ | १०० | २० | १० | ५ | ५ | ५ | ५ | ५ | १० | ५ | ३ | ४ | ६ | २ | ३ | २ | ५ | ५ |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

यसरी माथिको तालिकालाई अध्ययन गर्दा झापा, इलाम र पाँचथर जिल्लाले जम्मा १७ ओटा प्रश्न सङ्ख्या, पूर्णाङ्क १०० समान छन् । तर प्रश्न नम्बरमा इलाम जिल्लाको अङ्क अलिक फरक ढङ्गले दिइएको छ भने झापा र पाँचथर जिल्लाको प्रश्न नं. को प्राप्ताङ्क अङ्क भने समान छन् मात्र १४ र १७ को प्रश्नमा थोरै भिन्न छ । झापाको १४, १७ नम्बरमा क्रमश:५ र ३ अङ्क छ भने पाँचथरको ३ र ५ अङ्क रहेको छ । इलामको प्रश्न नम्बर, अङ्क भिन्न रहेको छ तर प्रश्न सङ्ख्या अङ्क तीन ओटै जिल्लाको समान रहेको छ ।

### ४.२.१.३ अङ्क विभाजन र समय निर्धारण

कुनै पनि प्रश्नपत्रमा अङ्क विभाजन र समय निर्धारण आवश्यक हुन्छ । अङ्क र समयको सन्तुलन नमिलेका प्रश्नहरूले प्रश्नपत्रको बाह्य वैधतामा आँच पुऱ्याउँछन् । यस्ता प्रश्नहरू आन्तरिक वैधताबाट पनि प्रतिकूल हुन्छन् । अङ्क र समयको असन्तुलनले उत्तर दिइएको सघनता र सङ्गठनमा परीक्षार्थीहरूलाई प्रत्यक्ष रूपमा प्रभावित पार्न सक्छ । यीनको सन्तुलन नभएमा विद्यार्थीहरूको मापनमा समेत बाधा पुग्दछ । प्रश्नपत्रको प्रकृति, कठिनाइ स्तर, उत्तरको आकार आदि कुरामा आधारमा अङ्क र समय निर्धारण गर्नु पर्ने हुन्छ । विवेचनात्मक विसिमका र सिर्जनात्मक खालका उत्तरको लागि बढी समय खर्चिनु पर्ने भएकाले त्यस्ता प्रश्नका लागि बढी अङ्क राख्नु पर्ने हुन्छ । यस अध्ययनमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्रहरूमा उल्लिखित् गरिएको समय निर्देशन गरिएको पूर्णाङ्कको अनुपातलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिका नं. ४

### अङ्क विभाजन र समय निर्धारण

| जिल्ला | पूर्णाङ्क | समय | अनुपात |
|---|---|---|---|
| झापा | १०० | ३ घण्टा (१८० मिनेट) | १.८ मिनेट |
| इलाम | १०० | ३ घण्टा (१८० मिनेट) | १.८ मिनेट |
| पाँचथर | १०० | ३ घण्टा (१८० मिनेट) | १.८ मिनेट |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

माथि तालिकामा झापा, इलाम र पाँचथर ३ ओटै जिल्लाको १०० पूर्णाङ्कको परीक्षामा ३ घण्टा समय वितरण गरेकाले प्रति एक अङ्कभार भएको प्रश्नका लागि परीक्षार्थीले उत्तर दिनका लागि १.८ मिनेट समय खर्चिनु पर्दछ ।

### ४.२.१.४ प्रस्तुति र अनुक्रम

प्रश्नपत्रमा विद्यार्थीहरूलाई परीक्षणका लागि तयार गरिएका प्रश्नहरूको रखाइको क्रमनै प्रस्तुति अनुक्रम हो । एउटा असल प्रश्नपत्रमा प्रश्नहरूको प्रस्तुति र अनुक्रमले ठूलो भूमिका खेलेको हुन्छ । प्रश्नहरू विभिन्न प्रकृतिका हुन्छन् । जस्तै, शब्दार्थ, शब्द पहिचान वाक्यमा प्रयोग, सारांश लेखन, शब्दवर्ग, काल, पक्ष र अर्थ (भाव) पदसङ्गति, वाच्यपरिवर्तन र वाक्य निर्माण, कारक र विभक्ति, बोध प्रश्न, संवाद लेखन, कथा लेखन, निबन्ध लेखन, सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरूको रखाइ सरलबाट जटिलता तिरका अनुक्रममा हुनु आवश्यक छ । प्रतिनिधि प्रश्नपत्रको वितरण विम्न अनुक्रममा गरिएको छ ।

## तालिका नं. ५

### प्रश्नहरुको प्रस्तुति अनुक्रम

| | झापा | | इलाम | | पाँचथर |
|---|---|---|---|---|---|
| प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्नका प्रकार |
| १ | सङ्क्षिप्त प्रश्न | २ | शब्दार्थ | १ | सङक्षिप्त प्रश्न |
| २ | विवेचनात्मक प्रश्न | २ | वाक्य निर्माण | २ | विवेचनात्मक प्रश्न |
| ३ | बोध प्रश्न | ३ | वर्णविन्यास र लेख्य चिन्ह | ३ | बोध प्रश्न |
| ४ | सारांश लेखन | ४ | पदवर्ग | ४ | सारांश लेखन |
| ५ | भाव विस्तार | ५ | कारक र विभक्ति | ५ | भाव विस्तार |
| ६ | सप्रसङ्ग व्याख्या | ६ | शब्द वहिचान | ६ | सप्रसङ्ग व्याख्या |
| ७ | कथा वा संवाद लेखन | ७ | काल, पक्ष र भाव | ७ | कथा वा संवाद लेखन |
| ८ | निबन्ध लेखन | ८ | लिङ्ग,वचन,वाच्य,पुरुष,आदर र करणअकरण | ८ | निबन्ध लेखन |
| ९ | चिठी वा वादविवाद लेखन | ९ | बोध प्रश्न | ९ | चिठी वा वादविवाद लेखन |
| १० | पदवर्ग | १० | सारांश लेखन | १० | पदवर्ग |
| ११ | काल, पक्ष र भाव | ११ | चिठी वा वादविवाद लेखन | ११ | काल, पक्ष र भाव |
| १२ | लिङ्ग,वचन,वाच्य,पुरुष,आदर र करणअकरण | १२ | कथा वा संवाद लेखन | १२ | लिङ्ग,वचन,वाच्य,पुरुष,आदर र करणअकरण |
| १३ | कारक र विभक्ति | १३ | निबन्ध लेखन | १३ | कारक र विभक्ति |
| १४ | वर्णविन्यास | १४ | भाव विस्तार | १४ | शव्दपहिचान |
| १५ | शव्दार्थ | १५ | सप्रसङ्ग व्याख्या | १५ | शव्दार्थ |
| १६ | वाक्य रचना | १६ | सङ्क्षिप्त प्रश्न | १६ | वाक्य रचना |
| १७ | शव्दपहिचान | १७ | विवेचनात्मक प्रश्न | १७ | वर्णविन्यास |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

यसरी प्रतिनिधि प्रश्नहरूलाई अध्ययन गर्दा प्रस्तुति अनुक्रममा झापा र पाँचथर जिल्लाका प्रश्नहरूमा केही प्रश्न तलमाथि परेपनि समानता रहेको पाइन्छ । यी जिल्लाका प्रश्नहरू सङ्क्षिप्त उत्तरात्मक प्रश्न, विव्चनात्मक प्रश्न हुँदै प्रश्नको अन्त्यतिर व्याकरण र

शव्द भण्डार राखिएको छ । यी प्रश्नहरू जटिलताबाट सरलतातर्फ अघि बढेको छ । इलाम जिल्लाको प्रश्न भने शव्दभण्डार तथा व्याकरणबाट सुरू भई सङ्क्षिप्त प्रश्न र विवेचनात्मक प्रश्नलाई आत्मसात गरेको छ । यी प्रश्नहरू सरलताबाट जटिलताको क्रममा छन् । तुलनात्मक रूपमा अन्य २ जिल्लाका प्रश्नपत्र भन्दा इलाम जिल्लाको प्रश्नपत्रको क्रम मिलेको पाइयो ।

### ४.२.१.५ भाषा

उपयुक्त प्रश्नपत्रमा भाषाको निकै महत्त्व रहेको हुन्छ । यदी प्रश्नपत्रमा एउटै मात्र अक्षर छुट्यो वा बढी भयो भने अर्थको अनर्थ हुन जान्छ । तसर्थ प्रश्नपत्रमा भाषाका वर्णविन्यासगत त्रुटि, पदयोग र पदवियोग तथा लोपगत त्रटिहरू हुन सक्छ । प्रतिनिधि प्रश्नपत्रको यस्ता केही त्रुटिहरू निम्नानुसार चर्चा गरिएको छ ।

### ४.२.१.५.१ वर्णविन्यास सम्बन्धी त्रुटि

वर्णविन्यास सम्बन्धी त्रुटिलाई वर्णविन्यास, हिज्जे, वर्तनीगत त्रुटिका रूपमा लिइन्छ । यस अन्तर्गत ह्रस्व/दीर्घसम्बन्धी, शिरबिन्दु र चन्द्रबिन्दु सम्बन्धी, पदयोग र पदवियोग सम्बन्धी, वर्ण तथा अक्षर सम्बन्धी त्रुटिहरूलाई तालिकामा देखाउने प्रयास गरिएको छ ।

**तालिका नं. ६**

**वर्णविन्यास सम्बन्धी त्रुटि**

| जिल्ला | ह्रस्व, दीर्घ सम्बन्धी त्रटि | शुद्ध रूप | शिरविन्दु सम्बन्धी त्रुटि | शुद्ध रूप |
|---|---|---|---|---|
| झापा | वस्दा, वाक्ला, वस्तु, मिठो | बस्दा, बाक्ला, बस्तु, मीठो | सधै, सविधान | सधैं, संविधान |
| इलाम | बुवा, वाट | बुबा, बाट | तपाँइ, आउछन् | तपाइँ, आउँछन् |
| पाँचथर | दिनुओस, अनुकुल, जिवन, कानुनअरु,लक्ष | दिनुहोस, अनुकूल, जीवन, कानुनहरू लक्ष्य | मायाँ, अलमलिदाँ | मया, अलमलिदा |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

मथिको तालिकालाई नियाल्दा वर्णविन्यास सम्बन्धी सबैभन्दा बढी त्रुटि पाँचथर जिल्लाको प्रश्नपत्रमा रहेको छ । त्यसैगरी त्यसपछि झापा जिल्लाका वर्णविन्यासगत त्रुटि

रहेका छन् । तुलनात्मक रूपमा वर्णविन्यासगत त्रुटि कम गर्ने जिल्ला इलाम रहेको छ । यसरी सबै जिल्लाका प्रश्नपत्रमा वर्णविन्यासगत त्रुटिहरू रहेकाछन् । यस्ता कार्यले परीक्षार्थीलाई अन्योलता सिर्जना गर्ने र उपयुक्त मूल्याङ्कन हुन नसक्ने भएको प्रश्नपत्र निर्माणम वर्णविन्यास सम्बन्धी सम्बन्धित निकाय गम्भीर हुनुपर्ने देखिन्छ ।

### ४.२.१.५.२ पदयोग र पदवियोग सम्बन्धी त्रुटि

एउटै शब्दमा लेख्नुपर्नेलाई टुक्र्याउनु र टुक्र्याउनु पर्नेलाई जोडेर लेख्दा हुने त्रुटिलाई पदयोग र पदवियोग सम्बन्धी त्रुटि भनिन्छ । पदयोग र पदवियोग सम्बन्धी केही त्रुटिहरू प्रतिनिधि प्रश्नहरूका निम्नानुसारका छन् ।

**तलिका नं. ७**

**पदयोग र पदवियोग सम्बन्धी त्रुटि**

| जिल्ला | पदयोग र पदवियोग सम्बन्धी त्रुटि | शुद्ध रूप |
|---|---|---|
| झापा | हामीजस्ता, | हामी जस्ता |
| इलाम | महा मूर्ख | महामुर्ख |
| पाँचथर | शव्द वर्ग | शव्दवर्ग |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

### ४.२.१.५.३ वर्ण तथा अक्षर लोप सम्बन्धी त्रुटि

प्रश्न लेख्ने वा छाप्ने कार्य गर्दा कुनै अक्षर दोहोरिने र कुनै अक्षर लोप हुने अवस्था रहन्छ । यस्तो अवस्थालाई वर्ण तथा अक्षर लोपसम्बन्धी त्रुटि भनिन्छ । यस्ता छपाइसम्बन्धी त्रुटिहरुले शब्दहरूको अर्थमा अनर्थ हुने हुँदा अपेक्षित उत्तरमा ठूलो असर पुग्ने गर्छ । त्यसैले प्रश्न निर्माण देखि छपाइसम्मको कार्यमा भाषा शिक्षकले विशेष सचेत हुनु आवश्यक छ ।

### ४.२.२ आन्तरिक आधारमा प्रश्नपत्रको तुलनात्मक विश्लेषण :

उपयुक्त र स्तरीय प्रश्नपत्रको निर्माण कार्यमा विभिन्न पक्षहरूको ज्यादै ठूलो भूमिका रहेको हुन्छ । विश्वसनीयता र वैधताको हिसाबले प्रश्नपत्र तयार पार्दा पाठ्यक्रम, पाठ्यपुस्तक र विशिष्टीकरण तालिकाको महत्त्व र भूमिका उल्लेखनीय हुन्छ । यिनै पक्षहरूका आधारमा प्रश्नपत्रहरू निर्माण हुने गर्दछन् । प्रश्नपत्रलाई केवल रूपविधानका आधारमा मात्र अध्ययन गरेर यसको सही र तथ्यपूर्ण विश्लेषण हुन सक्दैन । प्रश्नपत्रको प्रकृति हेरेर यसको मूल्याङ्कन गर्नु भनेको कुनै पुस्तकको बाह्य पृष्ठका आधारमा

गहिराइसम्म नपुगी त्यसको वास्तविकताको निक्यौंल गर्न खोज्नु हो । यसबाट एउटा कोरा अनुमान मात्र हुन्छ तथ्य आउँदैन । त्यसैले प्रश्नपत्र निर्माणका लागि आधार मानिने आन्तरिक आधारहरूकाबीच प्रश्नपत्रको उपयुक्तता पत्ता लगाउन सकिन्छ । यहाँ आन्तरिक आधारमा प्रश्नपत्र विश्लेषणका लागि निम्नलिखित् आधारहरू तय गरिएका छन् ।

### ४.२.२.१ भाषिक सीपगत आधारमा प्रश्नपत्रको वितरण

भषाशिक्षण भनेको भाषाकाबारेमा शिक्षण नभई भाषिक सीपहरूको शिक्षण हो । यसरी प्रश्नपत्रमा मूल्याङ्कनका साधनहरू वितरण गर्दा परीक्षार्थीको भाषिक सीपको क्षमता तथा स्तर मापन गर्ने प्रकृतिका साधनहरू समावेश गर्न सकेमा मात्र नेपाली विषय शिक्षणको निर्दिष्ट उद्देश्य हासिल हुन्छ । प्रश्नपत्रमा भाषिक सीपहरूको उपयुक्त संयोजन गरेमा प्रश्नपत्र वैध हुन्छन् । भाषिक सीपअन्तर्गत सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीप व्याकरणिक ज्ञान र शव्द भण्डारको प्रयोगसँग सम्बन्धित क्षमता परीक्षण गर्ने उद्देश्यअनुरूप परीक्षणका साधन निर्माण गरिनु पर्दछ ।

### ४.२.२.१.१ सुनाइ र बोलाइ सीप

निम्नमाध्यमिक तहको नेपाली विषयको पाठ्यक्रम २०६४ मा सुनाइ र बोलाइ सीपको परीक्षण कक्षागत परीक्षणको अङ्गका रूपमा हुने प्रावधान छ । अर्कोतर्फ भाषिक सीपहरू पृथकीकृत किसिमका नभएर एकीकृत किसिमका हुनाले सुनाइ र बोलाइ सीप पढाइ र लेखाइ सीपबाट प्रभावित हुन्छन् । त्यसैले सुनाइ सीप र बोलाइ सीपलाई पढाइ सीप र लेखाइ सीपमा नै एकीकृत गरी अध्ययन गरिएको छ ।

### ४.२.२.१.२ पढाइ सीप

निम्नमाध्यमिक तहको पाठ्यक्रम २०६४ मा पढाइ सीप विकासका लागि कथा, कविता, प्रबन्ध/निबनध, जीवनी विधाको उपयोग गर्न सकिने कुरा उल्लेखित छ । त्यसैगरी उक्त पाठ्यक्रम अनुसार प्रबन्ध विधालाई पढाइ सीप र लेखाइ सीप दुवै सीप विकासका लागि उपयोग गर्न सकिने देखिन्छ । पढाइ सीप अन्तर्गत बोध क्षेत्र र सारांश लेखन क्षेत्रसँग सम्बन्धित हुने गरी कथा, कविता, प्रबन्ध, जीवनी विधाबाट १० अङ्कभार अर्थात् कुल पूर्णाङ्कको १० प्रतिशत वितरण गरी प्रश्नहरू समावेश गर्नु पर्ने प्रावधान पाठ्यक्रममा प्रस्तुत छ । पढाइ सीपका लागि प्रतिनिधि प्रश्नपत्रमा गरिएको अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ८
## पढाइ सीपका लागि अङ्कभार वितरण

| जिल्ला | बोध क्षेत्रको अङ्भार | प्र. नं. | सारांश अङ्कभार | प्र. नं. |
|---|---|---|---|---|
| झापा | ५ प्रतिशत | ३ | ५ प्रतिशत | ४ |
| इलाम | ५ प्रतिशत | ९ | ५ प्रतिशत | १० |
| पाँचथर | ५ प्रतिशत | ३ | ५ प्रतिशत | ४ |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

यसरी झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रले बोध प्रश्न र सारांश लेखन प्रश्नका लागि समान अङ्क अर्थात् कुल पूर्णाङ्कको ५-५ प्रतिशत वितरण गरी पाठ्यक्रमको निर्देशनलाई पालना गरेका छन् ।

### ४.२.२.१.३ लेखाइ सीप

भाषाका सीपहरू मध्ये एक महत्त्वपूर्ण सीप लेखाइ सिप हो । विद्यार्थीको रचनात्मक अभिव्यक्तिको मूल्याङ्कन गर्न लेखाइ सीपका लागि निम्नमाध्यमिक तहको पाठ्यक्रम प्रबन्ध, निबन्ध, चिठी, निवेदन, संवाद, विवादात्मक अभिव्यक्ति र कथात्मक अभिव्यक्ति विधाहरू सिफारिस गरिएको छ । रूपक विधा मौखिक रचनाका लागि कायम गरिए तापनि छुट्टै मौखिक मूल्याङ्कन नहुने भएकाले लिखित विधाबाटै मापन गर्ने गरिएको छ । यसरी रचना क्षेत्रका लागि कथा, संवाद लेखन, प्रबन्ध/निबन्ध लेखन, चिठी/वादविवाद लेखन, जस्ता प्रश्नहरू वितरण गरी यीनीहरूका लागि क्रमश : ५ प्रतिशत, १० प्रतिशत र ५ प्रतिशत अङ्कभार वितरण गर्नुपर्ने कुरा पाठ्यक्रममा उल्लेख छ । लेखाइ सीपका लागि प्रतिनिधि प्रश्नपत्रमा गरिएको छ । अङ्कभारको वितरण तलको तालिकामा देखाइएको छ ।

## तालिका नं. ९
## लेखाइ सीपका लागि अङ्कभार वितरण

| जिल्ला | वधा र अङ्कभार प्रतिशत | | | |
|---|---|---|---|---|
| | कथा/संवाद | प्रबन्ध/निबन्ध | चिठी/वादविवाद | जम्मा अङ्कभार |
| झापा | ५ प्रतिशत | १० प्रतिशत | ५ प्रतिशत | २० प्रतिशत |
| इलाम | ५ प्रतिशत | १० प्रतिशत | ५ प्रतिशत | २० प्रतिशत |
| पाँचथर | ५ प्रतिशत | १० प्रतिशत | ५ प्रतिशत | २० प्रतिशत |

स्रोत : झापा, इलाम र पाँचथर जिल्लाका सक्कल प्रश्नपत्र

### ४.२.२.२.१ कथा विधा

यस कथा विधा अन्तर्गत लोककथा, नीतिकथा, पौराणिक/एतिहासिक कथा र आधुनिक कथाहरू समावेश छन् । यसका लागि पाठ्यभार २० कायम गरिएको छ । यस विधाका प्रमुख उद्देश्य पढाइ सीपको विकासमा सहयोग पुऱ्याउनु हो । त्यसैले यसबाट पाठगत बोध, सारांश लेखन, घटनाक्रम मिलाउने, भावविस्तार तथा रचनासँग सम्बन्धित प्रश्न निर्माण गरी विद्यार्थीको मूल्याङ्कन गरिनुपर्दछ । झापा, इलाम र पाँचथर जिल्लामा समावेश कथा विधामा आधारित प्रश्नहरूको वितरणको स्थितिलाई तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**जिल्ला झापा**

**तालिका नं. १०.१**

**कथा विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ ग | १ | ५ | ऐच्छिक |
| २ | निर्देशित रचना | ७ | १ | ५ | ऐच्छिक |
| | जम्मा | | २ | १० | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला इलाम**

**तालिका नं. १०.२**

**कथा विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १६ ग | १ | ५ | ऐच्छिक |
| २ | सप्रसङ्ग व्याख्या | १५ क | १ | ५ | ऐच्छिक |
| ३ | निर्देशित रचना | १२ | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ३ | १५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला पाँचथर**

**तालिका नं. १०.३**

**कथा विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्र.नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ घ | १ | ५ | ऐच्छिक |
| | भाव विस्तार | ५ क | १ | ५ | ऐच्छिक |
| | निर्देशित रचना | ७ | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ३ | १५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा कथा विधाबाट सोधिएका प्रश्नहरूको स्थितिलाई अध्ययन गर्दा सबै जिल्लाका प्रश्नपत्रमा यस विधाबाट सोधिएका प्रश्नहरू परीक्षार्थीका लागि ऐच्छिक बनाइएका छन् । यस्तो स्थितिमा परीक्षार्थीले कथा विधाका प्रश्नहरूको उत्तर नगरे पनि हुन्छ । प्रश्नपत्रको यस्तो किसिमको वितरणले गर्दा परीक्षार्थीले कथा विधालाई आफ्नो उत्तरपुस्तिकामा नसमेटे कथा विधामार्फत पाठ्यक्रमले राखेका उद्देश्यहरूको मापन गर्न सकिदैन । झापा र पाँचथर जिल्लाका प्रश्नमा सप्रसङ्ग व्याख्या प्रश्न कथा विधाबाट नसोधिएको अवस्था छ । यसरी नै इलाम जिल्लाका प्रश्नमा भाव विस्तार प्रश्न कथा विधाबाट नराखेको पाइयो । प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई हेर्दा झापा, इलाम र पाँचथर जिल्लाले १५ प्रतिशत अङ्कभार वितरण गरेका छन् । निम्नमाध्यमिक तहको पाठ्यक्रम २०६४ ले २० प्रतिशत पाठ्यभार कथा विधामा तय गरेको भएतापनि कुनै पनि जिल्लाहरूले पालना नगरेको पाइयो ।

### ४.२.२.२.२ कविता विधा

कविता विधा विद्यार्थीहरूलाई लयको माध्यमबाट शब्दभण्डार बृद्धि गर्न, चरित्र निर्माण गर्न र साहित्य रचना गर्न जागरूप गराउने विधा हो । निम्नमाध्यमिक तहको कक्षा आठ अन्तर्गत नेपाली विषयमा लयबद्ध ( छन्दलय, लोकलय, गीतिलय ) कविताहरू समावेश छन् । यसका लागि विधागत पाठ्यभार ३० कायम गरिएको छ । यस विधाको प्रमुख उद्देश्य पढाइ सीपको विकासमा सहयोग पुऱ्याउनु हो । यस विधालाई भाव पहिचान, प्रश्नोत्तर, सारांश, भावार्थ, भावविस्तार प्रश्नहरू बनाई भाषिक मूल्याङ्कन प्रक्रिया गरिनु पर्दछ । कविता

विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूको वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**जिल्ला झापा**

**तालिका नं. ११.१**

**कविता विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ क | १ | ५ | ऐच्छिक |
| २ | लमो उत्तरात्मक प्रश्न | २ क | १ | १० | ऐच्छिक |
| ३ | सप्रसङ्ग व्याख्या | ६ क | १ | ५ | ऐच्छिक |
| ४ | भावविस्तार | ५ ख | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ४ | २५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला इलाम**

**तालिका नं. ११.२**

**कविता विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १६ घ | १ | ५ | ऐच्छिक |
| २ | लमो उत्तरात्मक प्रश्न | १७ क | १ | १० | ऐच्छिक |
| ३ | सप्रसङ्ग व्याख्या | १५ ख | १ | ५ | ऐच्छिक |
| ४ | भावविस्तार | १४ क | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ४ | २५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला पाँचथर**

**तालिका नं. ११.३**

**कविता विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ ख | १ | ५ | ऐच्छिक |
| २ | लमो उत्तरात्मक प्रश्न | २ ख | १ | १० | ऐच्छिक |
| ३ | सप्रसङ्ग व्याख्या | ६ क | १ | ५ | ऐच्छिक |
| ४ | भावविस्तार | ५ ख | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ४ | २५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

प्रतिनिधि प्रश्नमा कविता विधाबाट सोधिएका प्रश्नहरूलाई अध्ययन गर्दा उपयोग गरिएका प्रश्नपत्रमा झापाले २५ अङ्कभार, इलामले २५ अङ्कभार, र पाँचथरले पनि २५ अङ्कभार वितरण गरेको पाइयो । यी तीन ओटै जिल्लाले प्रश्नहरूमा विकल्पका रूपमा अन्य विधाका प्रश्नहरू पनि समावेश गरेका छन् । त्यसैले विद्यार्थीले ती प्रश्नहरू हल गर्नु पर्ने स्थिति ऐच्छिक छ । पाठ्यक्रमले कविता विधालाई तय गरेको पाठ्यभार तीन ओटै जिल्लाले पालना नगरेको पाइयो ।

**४.२.२.२.३ प्रबन्ध/निबन्ध विधा**

प्रबन्ध/निबन्ध विधाअन्तर्गत सामाजिक/साँस्कृतिक, प्राकृतिक/वातावरणीय कलात्मक, वैज्ञानिक/प्राविधिक, व्यवसायिक जस्ता प्रबन्ध/निबन्धहरू समावेश छन् । यसकालागि विधागत पाठ्यभार ३० कायम गरिएको छ । यस विधाको प्रमुख उद्देश्य लेखाइ सीपको विकासमा सहयोग पुऱ्याउनु हो । यस विधाका लागि श्रुतिलेखन, अनुलेखन, निबन्धलेखन आदि जस्ता प्रश्नहरू बनाइ भाषिक मूल्याङ्कन प्रक्रिया गरिनु पर्दछ । प्रबन्ध/निबन्ध विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**जिल्ला झापा**

## तालिका नं. १२.१

## प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

| क्र.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ घ ङ | २ | १० | ऐच्छिक |
| २ | बोध प्रश्न | ३ | १ | ५ | अनिवार्य |
| ३ | निबन्ध लेखन | ८ | १ | ५ | अनिवार्य |
| | जम्मा | | ४ | २० | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला इलाम**

## तालिका नं. १२.२

## प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण

| क्र.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १६ ख ङ | २ | १० | ऐच्छिक |
| २ | बोध प्रश्न | ९ | १ | ५ | अनिवार्य |
| ३ | निबन्ध लेखन | १३ | १ | १० | अनिवार्य |
| ४ | भवविस्तार | १४ क | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ५ | ३० | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला पाँचथर**

**तालिका नं. १२.३**

**प्रबन्ध/निबन्ध विधाका लागि अङ्कभार वितरण**

| क्र.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ क ङ च | ३ | १५ | ऐच्छिक |
| २ | बोध प्रश्न | ३ | १ | ५ | अनिवार्य |
| ३ | निबन्ध लेखन | ८ | १ | १० | अनिवार्य |
| ४ | सप्रसङ्ग व्याख्या | ६ ख | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ६ | ३५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

यी माथिका अध्ययनबाट निबन्ध विधामा आधारित झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रमा विद्यार्थीको लेखन सीपलाई भन्दा पढाइ सीपलाई बढी जोड दिइएको पाईन्छ । वास्तवमा निबन्ध विधाको मूल आशय भनेको पठन सीपलाई भन्दा लेखन सीपलाई जोड दिई विकास गर्नमा अभिप्रेरित हुनु हो । तर यसको विपरीत प्रश्नहरू सृजनात्मक सीपको परीक्षणका लागि नभई कथा विधा जस्तो बोध र पठन क्षमता परीक्षणका लागि मात्र केन्द्रित भएको पाइयो । प्रतिनिधि प्रश्नपत्रहरूमा निबन्ध विधाबाट अङ्कभार वितरण, प्रश्नका प्रकृति, प्रश्न सङ्ख्या समान पाइदैनन् । झापाले प्रश्न सङ्ख्या ४, अङ्कभार २५, इलामले प्रश्न सङ्ख्या ५, अङ्कभार ३०, र पाँचथरले प्रश्न सङ्ख्या ६, अङ्कभार ३५ कायम गरेका छन् । तीन जिल्लाकै सबै प्रश्नपत्रमा बोध प्रश्न र निबन्ध लेखन प्रश्न अनिवार्य कायम गरिनु सकारात्मक पाटो रहेको छ ।

### ४.२.२.२.४ रूपक विधा

रूपक विधाअन्तर्गत संवाद/एकाङ्की, वादविवाद विधाहरू समावेश छन् । यसका लागि विधागत पाठ्यभार १२ कायम गरिएको छ । रुपक विधाको मुख्य प्रयोजन कथ्य अभिव्यक्ति क्षमताको विकास गराउनु हो । विद्यार्थीमा लुकेर रहेको क्षमतालाई प्रकट गर्न सहयोग पुऱ्याउने साथै आफ्नो अभिव्यक्तिलाई सरल, मिठास र प्रभावकारी तरिकाले हाउभाउ सहित प्रस्तुतगर्न रूपक विधाको प्रयोजन हो । रूपक विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**जिल्ला झापा**

**तालिका नं. १३.१**
**रुपक विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ घ | १ | ५ | ऐच्छिक |
| २ | संवाद | ७ | १ | ५ | ऐच्छिक |
| ३ | वादविवाद | ९ | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ३ | १५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला इलाम**

**तालिका नं. १३.२**
**रुपक विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १६ च | १ | ५ | ऐच्छिक |
| २ | वादविवाद | ११ ख | १ | ५ | ऐच्छिक |
| ३ | संवाद | १२ | १ | ५ | ऐच्छिक |
| | जम्मा | | ३ | १५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला पाँचथर**

**तालिका नं. १३.३**
**रुपक विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | संवाद | ७ | १ | ५ | ऐच्छिक |
| २ | संवाद | ९ | १ | ५ | ऐच्छिक |
| | जम्मा | | २ | १० | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

रूपक विधामार्फत विद्यार्थीको सिर्जनात्मक क्षमताको मूल्याङ्कन गरिन्छ । अध्ययनमा छनोट गरिएका प्रश्नपत्रहरूले विधागत अपेक्षालाई सकारात्मक पक्षले समावेश गरेका छन् । रूपक विधालाई जोड दिदै तीन ओटै जिल्लाले संवाद, वादविवाद,समावेश गरेका छन् भने सङ्क्षिप्त प्रश्नमा पाँचथर जिल्लाले रूपक विधाबाट प्रश्न समावेश गरेको छैन भने झापा र इलामले समावेश गरेका छन् । रूपक विधालाई अङ्कभार वितरण, प्रश्नसङ्ख्या झापा र इलामले १५/१५ अङ्क र ३/३ ओटा प्रश्न समावेश गरेका छन् भने पाँचथरले १० अङ्क र २ ओटा प्रश्न समावेश गरेको पाइयो ।

### ४.२.२.२.५ जीवनी विधा

जीवनी विधा अन्तर्गत राष्ट्रिय र अन्तराष्ट्रिय, साहित्यकार/कलाका, वैज्ञानिक/आविष्कारक, विद्वान/विचारक आदि प्रेरक व्यक्तिहरूका जीवनीहरू कक्षा आठको नेपाली विषयको पाठ्यक्रममा जीवनी विधा अन्तर्गत समावेश गरिएको छ । यसका लागि पाठ्यभार ४८ कायम गरेको छ । यस विधाबाट मौखिक तथा लिखित सीपको विकास गराउन सकिन्छ । विद्यार्थीको नैतिक, चरित्र निर्माण, व्यवहार परिवर्तन गरी सत्मार्गमा हिड्ने प्रेरित गर्नु जीवनी विधाको मुख्य प्रयोजन हो । जीवनी विधाका लागि प्रतिनिधि प्रश्नपत्रहरूले वितरणगरेका अङ्कभारको स्थितिलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**जिल्ला झापा**

**तालिका नं. १४.१**

**जीवनी विधाका लागि अङ्कभार वितरण**

| क्र.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १ ख | १ | ५ | ऐच्छिक |
| २ | विवेचनात्मक प्रश्न | २ ख | १ | १० | ऐच्छिक |
| | जम्मा | | २ | १५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला इलाम**

**तालिका नं. १४.२**

**जीवनी विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | सङ्क्षिप्त उत्तरात्मक प्रश्न | १६ क | १ | ५ | ऐच्छिक |
| २ | विवेचनात्मक प्रश्न | १७ क | १ | १० | ऐच्छिक |
| | जम्मा | | २ | १५ | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

**जिल्ला पाँचथर**

**तालिका नं. १४.३**

**जीवनी विधाका लागि अङ्कभार वितरण**

| क.स. | प्रश्नका प्रकार | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|---|
| १ | विवेचनात्मक प्रश्न | २ क | १ | १० | ऐच्छिक |
| | जम्मा | | १ | १० | |

स्रोत : प्रतिनिधि प्रश्नपत्र

जीवनी विधाबाट सोधिएका प्रश्नहरुलाई अध्ययन तथा विश्लेषण गर्दा ती प्रश्नहरू पाठगत प्रश्न सारांश, व्याख्यासँग सम्बन्धित क्षेत्रहरूबाट सोधिएका विधागत अपेक्षासँग मेल खान्छन् । प्रश्नको सङ्ख्या र अङ्कभार वितरणमा फरक पाइनुले द्विविधा र चुनौती थपिएको छ । पाठ्यक्रम सबैभन्दा बढी अङ्कभार र पाठ्यभार वितरण गरिनु तर ती प्रश्न राख्दा अनिवार्य रूपमा हल गर्नुपर्ने बाध्यात्मक प्रावधान नगरिनु, त्यसै गरी प्रतिनिधि प्रश्नपत्रहरूका प्रश्नहरूमा पाइने फरक मूल्यले असमानताको स्थितिलाई प्रकट गरेको छ । झापाले २ प्रश्न, अङ्कभार १५, इलामले २ प्रश्न अङ्कभार र पाँचथरले १ प्रश्न, अङ्कभार १० वितरण गरिनु असमानताको स्थिति हो । यसरी झापा र इलाम जिल्लाका बीच अङ्कभार समान छन् तर प्रश्न नम्बर अन्तर छ । पाँचथर जिल्लाको प्रश्नसङ्ख्या अङकभार असमानता रहेको पाइयो ।

### ४.२.२.२.६ चिठी

चिठी विधा अन्तर्गत घरायसी चिठी, कार्यलयीय निवेदन समावेश छन् । यसका लागि विधागत पाठ्यभार १० कायम गरिएको छ । यस विधाको प्रमुख उद्देश्य विद्यार्थीका लेखन सीपलाई जोड दिइ व्यावहारि सीपको अभिवृद्धि गर्नु हो । यस विधाका लागि प्रतिनिधि प्रश्नहरूले वितरण गरेको अङ्कभारको स्थितिलाई तलका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

**चिठी विधाका लागि अङ्कभार वितरण**

| जिल्ला | प्रश्न नं. | प्रश्न सङ्ख्या | पूर्णाङ्क | प्रकृति |
|---|---|---|---|---|
| झापा | ९ क | १ | ५ | ऐच्छिक |
| इलाम | ११ क | १ | ५ | ऐच्छिक |
| पाँचथर | ९ क | १ | ५ | ऐच्छिक |

स्रोत : तीनै जिल्लाका प्रतिनिधि प्रश्नपत्र

मथिको अध्ययनबाट के कुरा प्रष्ट हुन्छ भने झापा, इलाम र पाँचथर तीनओटै जिल्लाले चिठी विधा अन्तर्गत प्रश्नहरू समान रूपमा समावेश गरिएको पाइयो र अङ्कभार वितरण पनि समान पाइयो । त्यसकारण प्रश्नपत्रमा हुनु पर्ने एकरूपता र उपयुक्ततामा चिठी विधा अन्तर्गत उचित नै देखिन्छ ।

### ४.२.२.३ पाठ्यपुस्तकका आधारमा

विद्यालय स्तरमा कक्षा आठका लागि पाठ्यक्रमका उद्देश्य प्राप्तिलाई सघाउन पाठ्यक्रमले निर्धारण गरेको विषयवस्तुको विस्तृत पक्षलाई समेट्दै निश्चित ज्ञान, सीप र अभिबृद्धिमा केन्द्रीकृत पाठ्यपुस्तकको सिफारिस गरिएको छ । यसलाई पाठ्यक्रमको उद्देश्य पूरा गर्न, अथवा व्यवाहारमा उतार्न शिक्षकले कक्षाकोठा विद्यार्थीसामु उपयोग गर्दछ । यसरी कक्षा आठमा पढ्ने विद्यार्थीको उमेर, रुचि, क्षमता र मनोवैज्ञानिक पक्षमा विचार पुऱ्याउदै उनीहरूको मूल्याङ्कनका लागि पाठ्यपुस्तकमा भएका जस्ताको त्यस्तै हुनु पर्छ भन्ने होइन यस अध्ययन कार्यमा उपयोग गरिएका प्रश्नपत्रलाई अध्ययनगर्दा सबै जिल्लाका प्रश्नपत्रहरूको पाठ्यपुस्तकमा नै आधारित भएर निर्माण गरिएको पाईन्छ । अर्थात् पाठ्यपुस्तकमुखी प्रश्नहरूलाई लिएर गरिएको छ । अर्कोतर्फ प्रतिनिधि प्रश्नहरूमा हुबहु पाठ्यपुस्तकका पाठ तथा अभ्यास खण्डसँग सम्बन्धित नभएरका प्रश्नहरू पनि समावेश छन्

। ती प्रश्नहरू पाठ्यपुस्तकमा रहेका विषयवस्तुको विधागत मर्ममा आधारित भएर नै सोधिएका छन् ।

प्र. नं.७ मा शिक्षाको महत्त्व शीर्षकमा दुई साथीका बीचमा हुने कुराकानीलाई संवादका रूपमा प्रस्तुत गर्नुहोस् । (झापा)

प्र.नं. १२ मा विद्यार्थी जीवनमा अनुशासनको महत्त्व शीर्षकमा दुई साथीका बीचमा संवाद तयार पार । (इलाम)

प्र. नं. ७ मा विदेश जानुभन्दा स्वदेशमा बसेर काम गर्नु उपयुक्त छ भन्ने विषयमा दुईजनाका बीचमा भएको कुराकानीलाई उल्लेख गर्दै एक संवाद तयार पार । (पाँचथर)

यी माथिका प्रश्नहरू पाठ्यपुस्तकको पाठ तथा अभ्यास खण्डमा हुबहु मिल्दैनन तर यस्ता प्रश्नले पाठ्यक्रमको उद्देश्यलाई भने प्रतिबिम्वित गरेका हुन्छन् । वास्तवमा शैक्षिक उद्देश्यको कार्यान्वनका लागि सहयोगी सामग्री पाठ्यपुस्तक भएतापनि आफैमा पूर्ण भने हुँदैन । त्यसैले विद्यार्थीले पढेका पाठबाट मात्र प्रश्न सोध्ने गरेमा विद्यार्थीहरूमा शैक्षिक उद्देश्य प्राप्ति भए वा नभएको जानकारी हुन सक्दैन तसर्थ माथि उल्लेख गरिएका प्रश्नहरू उपयुक्त नै छन् ।

### ४.२.२.४ विशिष्टीकरण तालिकाका आधारमा

परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६४ सँग अध्ययन कार्यमा उपयोग गरिएका तीन जिल्लाहरू झापा, इलाम र पाँचथरका प्रश्नहरूलाई तुलना गरी प्रश्नपत्रमा सङ्कलित एक एक प्रश्नलाई अध्ययन गरी प्रश्नपत्र र विशिष्टीकरण तालिकाबीचको अनुरूपतालाई यस खण्डमा प्रस्तुत गरिएको छ । यसका लागि विशिष्टीकरण तालिका २०६१ ऋनुसार सिफारिस गरिएका प्रश्नका प्रकार ( पढाइ र लेखाइ ) का शीर्षकलाई अध्ययन कार्यमा लिँदै प्रश्नको तह, प्रश्नको सङ्ख्या, अङ्कभार र समयलाई प्रश्नपत्रमा उल्लेख गरिएअनुसार र विशिष्टीकरण तालिकाबीच तुलना गर्दै प्रश्नपत्रको अध्ययनलाई प्रस्तुत गरिएको छ ।

#### ४.२.२.४.१ सङ्क्षिप्त उत्तरात्मक प्रश्न

सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रहरूले पूर्णाङ्क १०० मा समान प्रश्न सङ्ख्या, अङ्कभार र समय वितरण गरेका छन् । यी जिल्लाका प्रश्नपत्रमा सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि प्रश्न सङ्ख्या ६ उत्तर दिनु पर्ने प्रश्न सङ्ख्या ४ अङ्कभार २० ( प्रति प्रश्न ५ का दरले ) र जम्मा समय ३६ मिनेट - प्रति

५ अङ्कको प्रश्नका लागि ९ मिनेट ) कायम गर्नु यी जिल्लाबीच पाइने समानता मात्र नभई यसले विशिष्टीकरण तालिकालाई समेत आत्मसात गरेको पाईन्छ । त्यसैगरी सङ्क्षिप्त उत्तरात्मक प्रश्नमा तीन ओटै जिल्लाले पाठ्यक्रममा समावेश गरेका विधाहरूलाई समावेश गरेका छन् जुन निम्नानुसार छन् । झापा जिल्लाले सङ्क्षिप्त प्रश्नमा निम्न विधाबाट प्रश्न तयार गरेको छ । कविता, जीवनी, कथा, प्रबन्ध, प्रबन्ध र एकाङ्की त्यसै गरी इलामले जीवनी, प्रबन्ध, कथा, कविता, प्रबन्ध र एकाङ्की त्यसै गरी पाँचथरले प्रबन्ध, कविता, कथा, कथा, प्रबन्ध र प्रबन्ध विधा समावेश गरेका छन् ।

यसरी झापा र इलाम जिल्लका सङ्क्षिप्त प्रश्नमा समान देखिन सकिन्छ । जसमा प्रबन्ध विधाबाट २/२ ओटा प्रश्न समावेश गरिएको छ भने पाँचथर जिल्लाले कथा विधा २ प्रबन्ध विधाबाट २ गरी रूपक विधा एकाङ्कीलाई समावेश गरेको छैन । त्यसै गरी यी तीन ओटै जिल्लाका प्रश्नपत्रले सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि वितरण गरेको प्रश्नको तहसम्बन्धी जानकारी तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १६**

**सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि प्रश्नको तह**

| जिल्ला | ज्ञान प्रश्न.नं. १ | बोध प्रश्न.नं. ३ | उच्च दक्षता प्रश्न नं.२ |
|---|---|---|---|
| झापा | १ घ र ङ (दुई ओटा ) | १ ग र च (दुई ओटा ) | १ क र ख (दुई ओटा ) |
| इलाम | १ ख र ङ (दुई ओटा) | १ च र ग (दुई ओटा) | १ क र घ (दुई ओटा ) |
| पाँचथर | १ क, ङ र च (तीन ओटा ) | १ ग र घ (दुई ओटा ) | १ ख (एक ओटा ) |

स्रोत : तीनै जिल्लाका प्रतिनिधि प्रश्नपत्र

यसरी प्रस्तुत तालिका अनुसार सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि झापा र इलामले ज्ञानात्मक प्रश्न दुई ओटा, बोध प्रश्न दुई ओटा, उच्च दक्षतामा आधारित प्रश्न दुई ओटा गरी समान रुपमा प्रश्न वितरण गरेका छन् भने पाँचथरले ज्ञानात्मक प्रश्न तीन ओटा, बोध प्रश्न दुई ओटा, उच्च दक्षतामा आधारित प्रश्न एक ओटा गरी प्रश्न वितरण गरेको छ । समग्रमा परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६१

सँग अनुरूप छैन किनभने पाठ्यक्रम अनुरूप ज्ञानात्मक प्रश्न १, बोध प्रश्न ३ र उच्च दक्षतामा आधारित प्रश्न २ हुनु पर्नेमा यस्तो नभएकोले विशिष्टीकरण तालिका अनुरूप भएन । विशिष्टीकरण तालिका अनुसार सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि कथा, कविता, प्रबन्ध, जीवनी र रूपक विधाबाट विषयवस्तु, मूलभाव, घटना, सन्देश, चरित्र आदि सम्बन्धमा छ ओटा प्रश्न सोध्ने र दुई प्रश्न विकल्प दिई चार प्रश्नको उत्तर दिन लगाउने भनिएकोमा झापा र इलामले सबै विधाबाट प्रश्न सोधिएको पाइयो भने पाँचथरले चाहिँ रूपक विधाबाट प्रश्न समावेश नगरेको पाइयो ।

### ४.२.२.४.२ लामो उत्तरात्मक प्रश्न

विशिष्टीकरण तालिकाले कथा, कविता र जीवनी विधाबाट विवेचनात्मक र सिर्जनात्मक क्षमता विद्यार्थीको परीक्षण गर्ने खालका दुई प्रश्न सोध्ने र कुनै एकको मात्र उत्तर दिन लगाउने प्रावधान राखेको छ । यस कुरालाई मध्यनजर गर्दै अध्ययनमा उपयोग गरिएका प्रतिनिधि प्रश्नपत्रहरू अन्तर्गत झापा, इलामको कथा र जीवनीबाट र पाँचथर जिल्लाको जीवनी र कविताबाट प्रश्न सोधिएको छ ।

प्रश्नको तहलाई विचार गर्दा तीन ओटै जिल्लाका प्रश्नहरू उच्च दक्षतामा आधारित छन् । समाविष्ट प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप छन् । समग्रमा तीन जिल्लाका प्रतिनिधिप प्रश्नपत्रमा समान प्रश्न सङ्ख्या (दुई ओटा ) उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या (एक ओटा ) अङ्कभार १०० समय १८ मिनेट निर्धारण गरिएको छ । त्यसैले यी तीन आटा जिल्लाहरूले विशिष्टीकरण तालिकालाई आत्मसात गरेको छन् ।

### ४.२.२.४.३ बोध प्रश्न (दृष्टांश वा अदृष्टांश)

परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६१ मा बोध प्रश्न दृष्टांश वा अदृष्टांश गद्य हुने प्रावधान गरिएको छ । त्यसै गरी यस किसिमको प्रश्नमा पाठ्यपुस्तकका गद्य पाठ वा स्तरीय लेख रचनाबाट १२५ शब्द सम्मको अनुच्छेद दिई अनुच्छेदबाट पठनबोध क्षमताको परीक्षण गर्ने खालका ५ प्रश्न सोधी अङ्कभार ५ वितरण गर्दै उत्तर दिनुपर्ने समय ९ मिनेट निर्धारण गर्नु पर्ने प्रावधान विशिष्टीकरण तालिकामा उल्लिखित छ । यसै अनुरुप उपयोग गरिएका तीनै जिल्लाका प्रश्नपत्रले बोध प्रश्नलाई समावेश गरेका छन् । यो विशिष्टीकरण तालिका अनुरूप सकारात्मक पक्ष देखिन्छ ।

### ४.२.२.४.४ भाव विस्तार

विशिष्टीकरण तालिका २०६१ अनुसार भाव विस्तार प्रश्नबाट परीक्षार्थीको उच्च दक्षता मापन गरिन्छ । भाव विस्तार गर्नका लागि कथा, कविता, निबन्ध, प्रबन्ध, जीवनी, रूपक विधाबाट दुई उद्धरण दिई कुनै एकको भाव स्पष्ट गर्न लगाउनु पर्ने उल्लिखित छ । त्यसै गरी यसका लागि १०० पूर्णाङ्कको परीक्षामा जम्मा प्रश्न सङ्ख्या १, अङ्कभार ५ ( ५ प्रतिशत ) र समय ९ मिनेट वितरण गर्नुपर्ने स्पष्ट गरिएको छ । यसै सन्दर्भमा भाव विस्तार प्रश्नका लागि झापा, इलाम र पाँचथर तीनओटै जिल्लाका प्रश्नपत्रले विशिष्टीकरण तालिकालाई आत्मसात् गरेका छन् ।

### ४.२.२.४.५ सप्रसङ्ग व्याख्या

सप्रसङ्ग व्याख्या गर्ने प्रश्नका लागि कथा, कविता, निबन्ध/प्रबन्ध विधाबाट सप्रसङ्ग व्याख्या गर्न सकिने खालका दुई उद्धरण दिई कुनै एक उद्धरणको उत्तर दिन लगाउनु पर्ने कुराको स्पष्ट जानकारी परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६१ ले गरेको छ । त्यसै गरी उक्त तालिकामा यसका लागि उच्च दक्षताको मापन गर्न सकिने गरी प्रश्नको अङ्कभार ५ अर्थात् कुल पूर्णाङ्कको ५ प्रतिशत वितरण गरिन्छ । यसै गरी पूर्णाङ्क १०० र समय तीन घण्टा भए यस प्रश्नको उत्तर दिनका लागि लागत समय ९ मिनेट हुन आउँछ । यसै अनुरूप प्रतिनिधि प्रश्नहरु निर्माण भएको र विशिष्टीकरण तालिकालाई आत्मसात् गरेको पाईन्छ ।

### ४.२.२.४.६ निर्देशित रचना

परीक्षार्थीको उच्च दक्षता मापनका लागि बुँदा दिई कथा र संवाद लेख्ने दुई प्रश्न दिई कुनै एक विधामा निर्देशित रचना गर्न लगाउने कुरा विशिष्टीकरण तालिका २०६१ मा उल्लेख छ । उक्त तालिका अनुसार यसका लागि अङ्कभार ५ अर्थात् कुन पूर्णाङ्कको ५ प्रतिशत वितरण गरिन्छ । यसै गरी पूर्णाङ्क १०० र समय ३ घण्टा भए यस प्रश्नको उत्तर लेखनका लागि लागत समय ९ मिनेट हुन आउँछ । यसै सन्दर्भमा अध्ययन गरिएका झापा, इलाम र पाँचथर जिल्लाका सबै प्रश्नपत्रले निर्देशित रचनासँग सम्बन्धित प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकाले प्रस्तुत गरेको निर्देशनलाई पालना गरेका छन् ।

### ४.२.२.४.७ स्वतन्त्र रचना, निबन्ध/प्रबन्ध

स्वतन्त्र रचना अन्तर्गत परीक्षाको उच्च दक्षता मापनका लागि निबनध/प्रबन्ध लेख्न सकिने कुनै ३ शीर्षक दिई एक शीर्षकमा १५० शव्दमा नघटाई निबन्ध लेख्न लगाउने

प्रावधाल विशिष्टीकरण तालिका २०६१ मा उल्लेख गरिएको छ । त्यसै गरी उक्त तालिकाअनुसार निबन्ध लेखनका लागि अङ्कभार १० अर्थात् कुल पूर्णाङ्क १० प्रतिशत वितरण गरिन्छ। यसै गरी १०० पूर्णाङ्क र समय ३ घण्टा भए यस प्रश्नको उत्तर लेखनका लागि समय १८ मिनेट हुन आउँछ । यसै क्रममा निबन्ध लेखन प्रश्नका लागि प्रतिनिधि प्रश्नहरू झापा र इलामले विशिष्टीकरण तालिकाको निर्देशन अनुरूप नै तीन ओटा शीर्षक दिई कुनै एक शीर्षकमा मात्र लेख्न भनी निर्देशन दिएको छ । तर पाँचथर जिल्लाले चाहिँ दुई ओटा मात्र शीर्षक तय गरी एकको उत्तर दिन निर्देश गरेको छ। त्यसैले झापा र इलाम विशिष्टीकरण तालिका अनुरूप छन् भने पाँचथर छैन ।

**४.२.२.४.८ स्वतन्त्र रचना, चिठी, वादविवाद**

स्वतन्त्र रचना अन्तर्गत उच्च दक्षता मापनका लागि चिठी र वादविवादबाट शीर्षक दिई कुनै एक रचना स्वतन्त्र रूपमा लेख्न लगाउनका लागि अङ्कभार ५ ( ५ प्रतिशत ) वितरण गरिन्छ । यदी पूर्णाङ्क १०० र समय ३ घण्टा भए यस प्रश्नको उत्तर लेखनका लागि लागत समय ९ मिनेट हुन आउँछ। यसै सन्दर्भमा झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नहरू विशिष्टीकरण तालिका अनुरूप नै छन् ।

**४.२.२.४.९ व्याकरण**

विशिष्टीकरण तालिका २०६१ मा उल्लेख भए अनुसार व्यावहारिक सीपको मूल्याङ्कनका लागि व्याकरण विधाबाट पहिचान, परिवर्तन र खाली ठाउँ भर्ने पश्नका लागि कुल पूर्णाङ्कको निम्न प्रतिशत अङ्कभार वितरण गरी उल्लेख भए अनुसारको प्रश्नहरू सोधिनु पर्ने कुरा सल्लेख गरिएको छ ।

क) शव्दवर्ग : यसका लागि ३ प्रतिशत अङ्कभार वितरण गरी सबै वर्गमा शव्द पर्ने गरी छ ओटा शब्द पहिचान गर्ने प्रश्न सोध्ने,

ख) काल, पक्ष र अर्थ ( भाव ) : यसका लागि ४ प्रतिशत अङ्कभार वितरण गरी काल पक्षबाट २ ओटा र अर्थ ( भाव ) बाट २ ओटा परिवर्तन गर्ने वा खालीठाउँ भर्ने प्रश्न दिने,

ग) पदसङ्गति, वाच्य परिवर्तन र वाक्य निर्माण : यसका लागि ६ प्रतिशत वितरण गरी पदसङ्गति वाच्य र वाक्यहरूबाट २/२ वटा पर्ने गरी लिङ्ग, वचन, पुरुष, आदर, अकरणका आधारमा परिवर्तन गर्ने खालका वा खाली ठाउँ भर्ने ६ प्रश्न सोध्ने,

घ) कारक र विभक्ति : यसका लागि २ प्रतिशत अङ्कभार वितरण गरी कारकबाट २ ओटा र विभक्तिबाट २ ओटा पर्ने गरी पहिचनात्मक वा प्रयोगात्मक प्रश्न सोध्ने,

ङ) वर्णविन्यास र लेख्य चिन्ह : यसका लागि ५ प्रतिशत अङ्कभार वितरण गरी ८ ओटा वर्णविन्यास र २ ओटा लेख्य चिन्हका त्रुटि दिई सच्याएर लेख्न लगाउने,

यसरी प्रतिनिधि प्रश्नपत्रहरूमा व्याकरण परीक्षणका लागि वितरण गरिएको अङ्क विभाजनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १७**

**व्याकरण परीक्षणको अङ्क विभाजन**

| जिल्ला | शब्दवर्ग | काल पक्ष र भाव | पदसङ्गति, वाच्य र वचन परिवर्तन | कारक र विभक्ति | वर्णविन्यास र लेख्य चिन्ह | जम्मा | पूर्णाङ्क | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|
| झापा | ३ | ४ | ६ | २ | ५ | २० | १०० | २० प्रतिशत |
| इलाम | ३ | ४ | ६ | २ | ५ | २० | १०० | २० प्रतिशत |
| पाँचथर | ३ | ४ | ६ | २ | ५ | २० | १०० | २० प्रतिशत |

स्रोत : तीनै जिल्लाका प्रतिनिधि प्रश्नपत्र

प्रस्तुत तालिकालाई अध्ययन गर्दा व्याकरण विधाबाट झापा, इलाम र पाँचथर जिल्लाले वितरण गरेका प्रश्न व्याकरणिक खण्डमा विशिष्टीकरण तालिका अनुरूप नै छन् ।

### ४.२.२.४.१० शब्द भण्डार

शब्दभण्डार अन्तर्गत शब्दार्थ, शब्द पहिचान वाक्य निर्माणसँग सम्बन्धित प्रश्नहरू पर्दछन् । यस खण्डमा यीनै प्रश्नहरूको प्रतिनिधि प्रश्नपत्रमा गरिएको वितरण र ती प्रश्नको परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६१ सँग तुलना गर्दै विश्लेषण गरिन्छ । यसरी विशिष्टीकरण तालिका अनुसार शब्दार्थ , शब्द पहिचान र वाक्य निर्माणका लागि क्रमशः कूल पूर्णाङ्कको २, ३ र ५ प्रतिशत अङ्कभार वितरण गर्नु पर्ने कुरा उल्लेख गरिएको छ । त्यसै गरी उक्त तालिका अनुसार शब्दार्थ लेखन प्रश्न ज्ञान सीपसँग सम्बन्धित र शब्द पहिचान र वाक्य निर्माण व्यावहारिक सिपसँग सम्बन्धित हुने कुरा उल्लेख गरिएको छ । यस प्रकार झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रमा

शब्दभण्डार विधाका लागि वितरण गरिएका प्रश्नपत्रहरूलाई अध्ययन गर्दा विशिष्टीकरण तालिका अनुरूप भएको पाइयो ।

### ४.३ विश्वसनीयता र वैधताका आधारमा प्रश्नपत्रहरूको विश्लेषण

#### ४.३.१ विश्वसनीयताका आधारमा

सामान्य अर्थमा विश्वसनीयता भन्नाले विश्वासयोग्य वा विश्वास गर्न लायक भन्ने बुझिन्छ । समान प्रश्नपत्रहरू परीक्षण र पुनः परीक्षण गर्दा स्थिर नतिजा प्राप्त हुन्छ भने त्यस्तो प्रश्नमा विश्वसनीयता रहेको हुन्छ । उपयुक्त प्रश्न विश्वसनीय हुनु पर्छ । प्रश्नपत्रमा हुनुपर्ने महत्त्वपूर्ण गुण विश्वसनीयता हो । परीक्षाका साधन प्रश्नपत्र विद्यार्थीमा पटक पटक परीक्षण गर्दा प्राप्त हुने नतिजा बिचको एकरूपता नै विश्वसनीयता हो । यसरी प्रतिनिधि प्रश्नहरूमा प्राय कुनै पनि जिल्लाले पाठ्यक्रम अनुरूप विधाको पाठ्यभारलाई आत्मसात गरेका छैनन् । यस्ता खालका प्रश्नपत्रले विद्यार्थीको नतिजालाई एकरूपता दिन सक्दैन ।

#### ४.३.२ वैधताको आधारमा प्रश्नपत्रहरूको विश्लेषण

जुन विषय र उद्देश्यको परीक्षण एवम् मापन गर्नका लागि प्रश्न बनाइएको हो । त्यही कुराको सफल र प्रमाणित परीक्षण एवम् मापन हुन सक्ने स्थिति प्रश्नहरू देखिएमा त्यस्ता प्रश्नलाई वैध भनिन्छ । परीक्षण गर्न खोजिएको कुरालाई दुरूस्त र त्रुटिरहित ढङ्गबाट परीक्षा गर्ने गुण नै प्रश्नपत्रको वैधताको उदाहरण हो । परीक्षणबाट प्राप्त हुने नतिजाको निष्कर्ष कतिको सही अर्थपूर्ण र उपयोगी हुन्छ भन्ने कुराको सुनिश्चितता वैधताले गर्छ । यसरी वैधताले परीक्षणले दावी गरे अनुसारकै गुण कतिको मापन गर्न सक्छ भन्ने जनाउँछ । प्रश्नहरू आन्तरिक र बह्य रूपबाट त्रुटिरहित हुन आवश्यक छ । वैधता उद्देश्यसँग सम्बन्धित छ । यसरी प्रतिनिधि प्रश्नपत्रहरूको वैधता पुष्टिका लागि वैधताका निम्न पक्षहरूमा अध्ययन विश्लेषण गरिएको छ ।

##### ४.३.२.१ विषयगत वैधता

कुनै पनि परीक्षणमा विषयगत वैधता हुनका लागि त्यस परीक्षणमा समावेश गरिएका प्रश्नले सम्पूर्ण विषयवस्तुलाई प्रतिनिधित्व गरेको सुनिश्चित गर्नु पर्दछ । तसर्थ परीक्षणले पाठ्यक्रमले तोकेका विषयवस्तुका सीमाहरूलाई समेटेको सुनिश्चितता गर्छ भने त्यस्तो परीक्षणमा विषयगत वैधता हुने गर्दछ । यसरी प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययनबाट ती

प्रश्नपत्रहरूमा पाठ्यक्रमले निर्धारण गरेका केही अपेक्षाहरूलाई समावेश गरेको पाइदैन । त्यसैले प्रश्नपत्रको विषयगत वैधतामा खलल् हुन पुगेको छ ।

यसरी प्रतिनिधि प्रश्नहरूमा कथा विधाको पाठ्यभार (२०) लाई कुनै पनि जिल्लाले आत्मसात नगरेको पाइयो । त्यसैले विषयगत वैधतामा आघात पुगेको पाइयो । त्यसै गरी पाँचथर जिल्लाले सङ्क्षिप्त प्रश्नमा एकाङ्की विधाबाट प्रश्न नसोधिएकाले विषयगत वैधतामा आघात पुऱ्याएको छ । त्यसैले विशिष्टीकरण तालिकाले निर्देशन गरे अनुसार प्रश्नपत्रमा विषयवस्तुको मात्रा समावेशिकता गएिन भने त्यहाँ विषयगत वैधतामा आघात पार्नु हो ।

### ४.३.२.२ रचनात्मक वैधता

रचनात्मक वैधताले प्रत्यक्ष अवलोकनबाट देख्न नसकिने गुणहरूको परीक्षण गर्नमा मुख्य भुमिका रहेको हुन्छ । परीक्षणले अपेक्षित रचनात्मकतालाई पर्याप्त रूपमा प्रतिनिधित्व गर्छ गर्दैन भन्ने कुराको सङ्केत गर्दछ । यहाँ रचनाको अर्थ निर्माण भन्ने हाइन रचना भन्नाले व्यक्तिको आन्तरिक गुण, मनोवैज्ञानिक गुण जस्तै बुद्धि, इच्छा, रूचि, आवश्यकता, व्यक्तित्व, धारणा, कौशल इत्यादि पर्दछन् । यस प्रकारको मनोवैज्ञानिक गुण मापन गर्ने उद्देश्यले बनाइएको परीक्षणले त्यही मनोवैज्ञानिक गुण नै मापन गरेको सुनिश्चितता व्यक्त गर्छ । यसले परीक्षणमा वैधता कायम गर्छ । रचनात्मक भन्नुको तात्पर्य भावनात्मकता हो । गुणहरू भावनात्मक हुन्छन् । यिनीहरूलाई ज्ञानेन्द्रीय मार्फत मात्रात्मक तवरमा जाँच्न सकिदैन । यिनीहरूलाई जाँच्नका लागि विश्चित आधारहरू विकास गर्नुपर्दछ । यस सन्दर्भमा प्रतिनिधि प्रश्नहरूको अध्ययन गर्दा प्रत्येक जिल्लाको प्रश्नपत्रहरूमा स्वतन्त्र रचना अन्तर्गत निबन्ध लेखन प्रश्न सोधिएको छ । यसले रचनात्मक वैधता प्राप्तिमा सहयोग पुऱ्याएको देखिन्छ । अर्कोतर्फ प्रतिनिधि प्रश्नपत्रहरूमा सोधिएका कण्ठस्थीकरणमा आधारित स्तर प्रतिकूल र घुमाउरा प्रश्नहरूले भने रचनात्मक वैधताको गुणलाई आघात पुऱ्याएको देखिन्छ । जस्तै ,

प्रश्न नं. ९ मा छोरीलाई अंश दिनु भन्दा शिक्षा दिनु उत्तम भन्ने शीर्षकमा पक्षबाट गहकिला तर्क प्रस्तुत गर । (झापा)

प्रश्न नं. ११ मा विपक्षीको मत खण्डन गर्दै धन कमाउन विदेश जानुभन्दा स्वदेशमै काम गर्नु वेस भन्ने शीर्षकमा तर्क प्रस्तुत गर । ( इलाम )

प्रश्न नं.९ मा मांसाहारी हुनु भन्दा साहाकारी हुन वेश भन्ने विषयमा विपक्षीको मत खण्डन गर्दै तर्क प्रस्तुत गर । ( पाँचथर )

यस्ता प्रश्नहरूले प्राय कमै मात्रामा रचनात्मकतामा प्रभाव पार्दछ ।

**४.३.२.३ पूर्व सूचनात्मक वैधता**

कुनै परीक्षणबाट प्राप्त नतिजको निश्चिचत कुराको भविष्यवाणी गरेको हुन्छ र भविष्यमा उक्त कुरा मेल खान्छ भने उक्त परीक्षणमा पूर्वसुचनात्मक वैधता हुने गर्दछ । यस किसिमको वैधता प्रश्नहरूमा हुन आवश्यक छ । परीक्षार्थीमा पूर्वसोचाइ अनुसार पछि पनि उपलब्धि हासिल भएमा पूर्वसुचनात्मक वैधता भएको विश्वास गरिन्छ । प्रश्नपत्र परीक्षार्थीको विशेष क्षमता जाँच्नका लागि पाठ्यक्रमको अपेक्षाअनुसार निर्माण गर्दै यसको मापन गर्नु पूर्व नै आधारको मापन पहिले गर्नु पर्दछ । यसले पूर्वसूचनात्मकता कायम गर्न सघाउ पुऱ्याउँछ ।

यसै सन्दर्भमा प्रतिनिधि प्रश्नहरूलाई अध्ययन गर्दा ती प्रश्नपत्रमा देखिएका विषयगत र रचनात्मक वैधताको कमजोरीले पूर्वसूचनात्मक वैधतामा समेत नकारात्मक असर परेको देखिन्छ । प्रश्नपत्रमा राखिएका प्रश्नहरू कण्ठस्थीकरणमुखी, प्रतिस्मरणमा आधारित प्रश्नको पनि पूर्वकथनात्मक वैधता कायम हुन सकेको छैन । पाठ्यपुस्तकमा रहेका प्रश्नहरूसँग हुबहु मिल्नाले पनि प्रश्नपत्रको पूर्वकथनात्मक वैधता कायम हुन सकेको छैन । पाठ्यक्रमले राखेको विधागत अपेक्षा विपरीत प्रश्नहरू राख्नु कुनै विषयलाई बढी समेट्नु र कुनैलाई समेट्न नसक्नु र विशिष्टीकरण तालिकाले निर्देशन गरेको अङ्कभारलाई मनन गर्न नसक्नुले प्रश्नपत्रमा पूर्वसूचनात्मक वैधता पाउन सकिएको छैन ।

यसैगरी पाठ्यपुस्तक "हाम्रो नेपाली किताब कक्षा आठ" मा भएका अभ्यास खण्डबाट हुबहु सारी निर्माण भएका प्रश्नहरूले भविष्य सूचक वैधतालाई आघात पुऱ्याएका छन् । ती प्रश्नहरू उदाहरणका रूपमा तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १८**

**पूर्वसूचनात्मक वैधतामा आघात पुऱ्याउने प्रश्नहरुको वितरण**

| जिल्ला | प्रश्नमा सोधिएका प्र.नं. | हाम्रो नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको पृष्ठ नं. | हाम्रो नेपाली किताब कक्षा आठको पाठ्यपुस्तकको प्र. नं. |
|---|---|---|---|
| झापा | १ क | १८ | ३ ङ |
| | १ ङ | १८ | ४ ग |
| | १ च | ३० | २ क |
| इलाम | १६ ग | ३८ | ४ क |
| | १६ च | ३० | ३ ग |
| पाँचथर | १ क | १० | ३ ग |
| | १ ख | १८ | ३ ख |

स्रोत : कक्षा आठको नेपाली पाठ्यपुस्तक

### ४.३.२.४ समवर्ती वैधता

यदी कुनै परीक्षणबाट प्राप्त भएको नतिजालाई यही समयको वरिपरि भएको कुनै नतिजा वा मापदण्डसँग तुलना गरी वैधता निकालिन्छ भने त्यसलाई समवर्ती वैधता भनिन्छ । यस किसिमको वैधता प्राप्तिका लागि वर्तमानमा मिल्दोजुल्दो आधारसँग तुलना गर्नुपर्दछ । यसै सन्दर्भमा प्रस्तुत अध्ययनकार्य कक्षा आठको जिल्ला स्तरीय परीक्षामा उपयोग गरिएका प्रश्नपत्रसँग सम्बन्धित भएकाले यसमा समवर्ती वैधतालाई यसको स्तरसँग तुलना गरी चर्चा गरिन्छ । यसरी कक्षा आठको तागि निर्धारण गरिएको भाषिक स्तरभन्दा माथिल्लो तह एस.एल.सी. परीक्षाको नमूना प्रश्नपत्रमा आधारित भएर प्रश्नपत्र निर्माण गरिएकाले समवर्ती वैधता कायम हुन सकेको पाइदैन ।

विशेष गरी व्याख्यात्मक, विवेचनात्मक र व्याकरणसँग सम्बन्धित प्रश्नहरू स्तरप्रतिकूल हुनाले समवर्ती वैधताको स्थितिमा नकारात्मक प्रभाव पारेको छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको बौद्धिक स्तरसँग विशिष्टीकरण तालिकाले निर्धारण गरेको मापदण्ड बमोजिम निर्माण गरिएका प्रश्नहरू मेल नखाने देखिन्छ ।

## ४.४ समानता र असमानताका आधारमा प्रश्नपत्रको विश्लेषण

### ४.४.१ समानताका आधारमा

अध्ययनका निम्ति लिइएका झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रहरू प्राय मात्रामा समान किसिमका पाईन्छन् । यी तीन जिल्लाका प्रश्नपत्रका प्रश्न सङ्ख्या, अङ्कभार, समय, पूर्णाङ्क, उत्तीर्णाङ्क, विधाबाट समावेश प्रश्न, कागजको स्तर, अङ्क विभाजन, विकल्प प्रश्न, वस्तुगत र विषयगत प्रश्न आदि सम्पर्ण कुरामा समान स्थिति पाइन्छ ।

### ४.४.२ असमानताका आधारमा

अध्ययनका निम्ति लिइएका प्रतिनिधि प्रश्नहरू झापा, इलाम र पाँचथर तीनै जिल्लाका समानता हुँदा हुँदै पनि केही असमानता रहेका छन् । प्रश्नहरूको क्रम इलाम बाहेक झापा र पाँचथर जिल्लाको प्रश्न जटिलता देखि सरलता तर्फ उन्मूख छन् तर प्रश्नको क्रम सरलता बाट जटिलतातर्फ उन्मूख हुनु पर्छ । तीन जिल्लाका विकल्प प्रश्नमा निम्न फरक छन् ।

क) झापा : विकल्प अक्षरमा लेखिएको र प्रश्न नं.१, २, ५, ६, ७, ८, र ९ विकल्प दिइएको छ ।

ख) इलाम : विकल्प अक्षरमा लेखिएको र प्रश्न नं. ११, १२, १४, १५, १६, र १७ विकल्प दिइएको छ ।

ग) पाँचथर : विकल्प अक्षरमा लेखिएको र प्रश्न नं. १, २, ५, ६, ७, ८, र ९ विकल्प दिइएको छ ।

यसरी हेर्दा तीन ओटै जिल्लाको अङ्कमा विकल्प निर्देशन नगरी अक्षरमा नै विकल्प निर्देशन गरेको पाइयो । झापा जिल्लाले ७ ओटा इलाम जिल्लाले ६ ओटा र पाँचथर जिल्लाले ७ ओटा विकल्प राखेको पाइयो । शीर्ष निर्देशन झापाको छैन भने । इलाम र पाँचथर जिल्लाको शीर्ष निर्देशन दिइएको छ । इलाम जिल्लाको शीर्ष निर्देशनमा "अङ्क दिंदा आफ्नै शैलीमा मौलिक उत्तर अभिव्यक्त गरी दिइएका सिर्जनात्मक उत्तरलाई प्राथमिकता दिइनेछ ।" भनिएको छ । त्यसै गरी पाँचथर जिल्लाको शीर्ष निर्देशनमा "विद्यार्थीले आफ्नै भाषा शैलीमा दिएको उत्तरलाई प्राथमिकता दिइने छ ।" भनिएको छ ।

# परिच्छेद : पाँच
# निष्कर्ष तथा सुझाव

## ५.१. निष्कर्ष

विश्लेषणका लागि सङ्कलित प्रतिनिधि प्रश्नहरुको अध्ययन बाह्य र आन्तरिक स्वरूपका आधारमा गरिएको थियो । बाह्य आधारका दृष्टिले अध्ययन गर्न प्रश्नपत्रको स्वरूप, निर्देशन, अङ्क विभाजन र समय निर्धारण, प्रस्तुति अनुक्रम भाषालाई प्रमुख आधार बनाइएको थियो । ती आधारहरूभित्र पनि अन्य उपआधारहरू तय गरिएका थिए । उक्त आधारहरूबाट प्रतिनिधि प्रश्नपत्रहरूको अध्ययन गर्दा बाह्य र आन्तरिक दुवै वैधताका दृष्टिले प्रश्नहरू कमजोर रहेका छन् ।

**१) बाह्य आधारका दृष्टिले अध्ययन गर्दा निम्नानुसारको स्थिति देखापरेको छ ।**

**क) प्रश्नको स्वरूप :**

प्रतिनिधि प्रश्नपत्रहरूमा झापा र इलाम जिल्लाले शीर्ष भागमै पद वियोग गरेर स्पष्ट गल्ती गरेका छन् । प्रश्नपत्र तीनदेखि चार पृष्ठसम्मका रहेका छन् तर उल्लेख गरेका छैनन् । प्रश्न निर्देशन एउटा पृष्ठमा र प्रश्न चाहिँ अर्को पृष्ठमा दिएकाले गल्ती गरेको पनि देखिन्छ । सबै जिल्लाका प्रश्नपत्रहरूमा किनारा (कम्तिमा चारैतिर २ से.मि.) छोडिएको छैन ।

**ख) निर्देशन :**

शीर्ष निर्देशन प्रतिनिधि प्रश्नपत्र मध्ये झापा जिल्लाले दिएका छन् । तर पृष्ठ निर्देशन तीन ओटै जिल्लाले दिएका छैनन् । केवल अन्त्यमा समाप्त र धन्यवाद भनी उल्लेख तीन ओटै जिल्लाले गरेका छन् । यसक्रममा जति पनि त्रुटि, कमजोरीहरू छन् । ती सबै प्रश्ननिर्माणका हेलचेक्रयाईका कारणले गर्दा भएका छन् ।

**ग) अङ्क विभाजन र समय निर्धारण**

प्रतिनिधि प्रश्नहरूको अङ्क विभाजन र समय निर्धारण समान देखिन्छ । जसमा पूर्णाङ्क १०० र उत्तीर्णाङ्क ३२ रहेको छ । मात्र इलाम जिल्ला बाहेक झापा र पाँचथर जिल्लाका प्रश्न नं. फरक छ तर समय र अङ्कभार समान छन् ।

**घ) प्रस्तुति र अनुक्रम :**

प्रतिनिधि प्रश्नहरूमा इलाम जिल्लाको प्रश्नपत्रमा वैज्ञानिक किसिमको रहेको छ । यस जिल्लाले सरलबाट जटिलताको अनुक्रम अनुसार राखेको छ । भने झापा र पाँचथर

जिल्लाका प्रश्नपत्रहरू अवैज्ञानिक र दुर्वल किसिमका रहेका छन् । तिनीहरू जटिलतादेखि सरलताको अनुक्रममा रहेका छन् ।

**ङ) भाषा :**

प्रतिनिधि प्रश्नहरूको अध्ययनबाट केही ठाउँ बाहेक बोधगम्य शब्दहरू प्रयोग गरिएको छ । वर्णविन्यास सम्बन्धी त्रुटि, पदयोग र पदवियोग सम्बन्धी त्रुटिहरू विद्यमान छन् । यी त्रुटि वा कमजोरीहरूले प्रश्नको वैधता र प्रश्नको आन्तरिक स्वरूपमा समेत प्रभाव पारेको देखिन्छ ।

**२ ) आन्तरिक आधारका दृष्टिले प्रश्नपत्रको अध्ययन गर्दा निम्ननानुसारको स्थिति देखिएको छ ।**

**क) पाठ्यक्रमका आधारमा :**

पाठ्यक्रम अनुरूपताको दृष्टिले भाषिक सीपगत आधारमा, विधाका आधारमा पाठ्यपुस्तकका आधारमा र विशिष्टीकरण तालिकाका आधारमा प्रश्नपत्रहरूको अध्ययन गरिएको छ । यिनै आधारहरूबाट प्रश्नपत्रमा गरिएको प्रश्नहरूको वितरण अर्थात प्रश्नपत्रमा सोधिएका प्रश्नका किसिम, तिनको सापेक्षता, समय र अङ्कभारलाई अध्ययन गर्दा प्रतिनिधि प्रश्नहरूबीच अनुरूपता कायम हुन सकेको छैन । त्यसै गरी प्रस्तुत आभारहरूलाई प्रश्नपत्रमा पाठ्यक्रमको मापदण्ड विपरीत प्रयोग गर्दा प्रश्नपत्रहरू पाठ्यक्रम सापेक्ष हुन सकेका छैनन् । तर यसको अर्थ प्रतिनिधि प्रश्नपत्रहरूले पाठ्यक्रमका सबै आधारलाई गुमाएका छन् भन्ने होइन प्रतिनिधि प्रश्नहरूले पाठ्यक्रममा आधारहरू मध्ये केहीलाई पूर्ण रूपमा र केहीलाई आंशिक रूपमा कायम राख्ने प्रयास गरेका छन् ।

**ख) भाषिक सीपगत आधारमा :**

झापा, इलाम र पाँचथर जिल्लाका प्रश्नपत्रहरूमा भाषिक क्षेत्रबाट सोधिएका प्रश्न सङ्ख्या, प्रश्नका किसिम र तिनको अङ्कभार पाठ्यक्रम अनुकूल छन् । त्यसैले यी तीन जिल्लाका प्रश्नपत्रहरूबीच भाषिक सीपगत आधारमा भन्ने सामञ्जस्य भएको पाइन्छ ।

**ग) विधागत आधारमा :**

प्रतिनिधि प्रश्नपत्रहरूमा पाठ्यक्रमले निर्धारण गरेको विधा वा विषयवस्तुको सीमाभित्र बाधिएर प्रश्नहरू निर्माण गरेको पाइदैन । पाठ्यक्रमको अपेक्षा भन्दा न्यून वा उच्च स्तरका प्रश्न सोधिएकाले न्यून व्याप्ति र उच्च व्याप्तिका समस्या प्रश्नपत्रमा देखिएका छन् । कुनै विधाबाट मापदण्डभन्दा बढी अथवा कम प्रश्न सोधिनु असम्बद्ध वा असमानताको विकल्पको

प्रयोग हुनु, पाठ्यक्रले निर्धारण गरेका विधागत अपेक्षालाई आत्मसात गर्न नसक्नु हो । यसमा पाँचथर जिल्लाले एकाङ्की विधाबाट प्रश्ननै समावेश नगरेको र कथा विधाबाट चाहिँ २ देखि ३ ओटा सम्म प्रश्न समावेश गरेको पाइयो यो विधागत असन्तुलन हो ।

**घ) पाठ्यपुस्तकका आधारमा :**

पाठ्यपुस्तलाई पाठ्यक्रमको साधनका रूपमा मात्र नलिई यसलाई साध्यका रूपमा लिने परम्परागत अवधारणाको प्रभाव प्रतिनिधि प्रश्नपत्रहरूमा परेको छ । प्रश्नहरू हुबहु पाठ्यपुस्तक केन्द्रित भएर सोधिएकाले विद्यार्थी वास्तविक मूल्याङ्कनमा समस्या सृजना गरेको छ ।

**ङ) विशिष्टीकरण तालिकाका आधारमा :**

परिमार्जित पाठ्यक्रम २०५८ अनुसारको विशिष्टीकरण तालिका २०६१ को कार्यान्वयन प्रतिनिधि प्रश्नपत्रहरूमा भएको पाइदैन । यस सन्दर्भमा झापा, इलाम र पाँचथर जिल्लाले सङ्क्षिप्त उत्तरात्मक प्रश्नका लागि विशिष्टीकरण तालिकामा सम्मत हुने गरी प्रश्न सङ्ख्या उत्तर दिनुपर्ने प्रश्न सङ्ख्या, अङ्कभार र समयबीच सन्तुलन कायम राख्दै प्रश्नहरू वितरण गरेका भएतापनि मापदण्ड अनुसार प्रश्नको तह ( ज्ञानमा आधारित प्रश्न, बोध प्रश्न, उच्च दक्षतामा आधारित प्रश्न ) वितरण गर्न भने यी तीनै जिल्ला असफल छन् । सारांश लेखन, भावविस्तार प्रश्न, वितरण गर्नुपर्ने कुरा विशिष्टीकरण तालिकामा उल्लेख भए बमोजिम नै गरिएको पाइयो ।

त्यसै गरी झापा, इलाम र पाँचथर तीनै जिल्लाका प्रश्नपत्रमा सप्रसङ्ग व्याख्या, निर्देशित रचना, स्वतन्त्र रचना र व्याकरणसँग सम्बन्धी प्रश्नहरूको वितरण विशिष्टीकरण तालिका सङ्गत हुने गरी प्रश्न, अङ्कभार र समयबीच सन्तुलन कायम राखी प्रश्नहरू वितरण गरेको पाइयो ।

**च) प्रश्नपत्रको वैधताको विश्लेषण :**

प्रतिनिधि प्रश्नपत्रहरू पाठ्यक्रमको अपेक्षा र प्रश्नपत्रमा हुनुपर्ने गुणलाई वेवास्ता गरी निर्माण गरिएकाले प्रश्नपत्रहरूले वैधताको गुण ग्रहण गर्न सकेका छैनन् । प्रश्नमा समावेश गरिएका प्रश्नहरूले पाठ्यक्रम द्वारा निर्धारित सम्पूर्ण विषयवस्तुलाई समेट्न नसक्नुले विषयगत वैधता प्रश्नपत्रमा पाउन सकिदैन । प्रश्नपत्रमा विधागत प्रयोजन भन्दा बाहिरबाटै प्रश्न सोध्नु, प्रश्न र अङक तथा समयबीच सामञ्जस्य कायम गर्न नसक्नुले विषयगत वैधतामा प्रश्न चिन्ह खडा गरेको छ । कक्षा आठको वार्षिक स्तर भन्दा माथिल्लो

एस.एल.सी. परीक्षाको नमूनाको प्रश्नहरू सोधिनुले समवर्ती वैधता कायम हुन सकेको पाइदैन । घुमाउरा, कण्ठस्थीकरणमा आधारित, स्तर प्रतिकूल प्रश्न राखिनुले रचनात्मक वैधतालाई समेट्नु प्रश्नपत्रहरूले आत्मसात् गर्न सकेका छैनन् ।

## ५.२ सुझावहरू

### ५.२.१ नीतिगत तहका लागि सुझावहरू

- प्रश्नपत्रको शीर्षभागमा प्रश्नपत्र तयार गर्न वा उपयोगमा ल्याउने संस्थाको नाम र जिल्ला लेखिनु आवश्यक छ ।
- झापा र पाँचथर जिल्लाले इलाम जिल्लाको जस्तो सरलबाट जटिलताको क्रममा प्रश्न राखिनु आवश्यक छ ।
- पाठ्यक्रमका सबै विधालाई समेटेर प्रश्नपत्र निर्माण आवश्यक छ ।
- पाठ्यक्रम तथा विशिष्टीकरण तालिका अनुरूप प्रश्नपत्र निर्माण गरिनु आवश्यक छ ।
- प्रश्नहरु विश्वशनीय, वैध, व्यावहारिक, स्पष्ट र उपयोगी हुनु आवश्यक छ ।
- प्रश्नहरु विषय विज्ञ, अनुभवी र कर्तव्य निष्ठ शिक्षक द्वारा तयार गर्नु पर्दछ ।
- विद्यार्थीको कक्षागत स्तरलाई ध्यानमा राखी प्रश्नपत्र बनाउनु पर्छ ।
- प्रश्नपत्रमा सरल, मध्य, र जटिल प्रश्नको अनुपात मिलाई निर्माण गरिनु पर्दछ ।
- प्रश्नपत्रमा सरल र स्पष्ट भाषा तथा निर्देशन दिनु पर्दछ ।
- प्रश्नपत्रमा सुनाइ र बोलाइ सीपलाई पनि उचित स्थान दिनु पर्दछ ।
- प्रश्नपत्रले जे मापन गर्न खोजेको हो त्यही कुराको मापन गर्नु पर्दछ ।
- वर्णविन्यासगत त्रुटि प्रश्नपत्रमा गरिनु गर्नु हुँदैन ।
- वस्तुगत प्रश्नले व्यापक विषय क्षेत्र समेट्ने हुँदा वस्तुगत प्रश्न पनि समावेश गर्न आवश्यक छ ।
- प्रश्ननिर्माणका क्रममा शिक्षकलाई तालिम तथा गोष्ठी सेमिनारको व्यवस्था गरिनु आवश्यक छ ।
- प्रश्नपत्रहरूमा निर्देशन र प्रश्न एउटै पृष्ठमा हुनु आवश्यक छ ।

### ५.२.२ अभ्यास तहका लागि सुझाव

- प्रश्नहरूको अङ्कभारलाई ख्याल गरी प्रश्नको हल गर्नु पर्ने ।
- प्रश्नहरूमा निर्देशनको अभावमा शिक्षक समक्ष सोधपुछ गरी समस्याको हल गर्नु पर्ने ।
- समयको ख्याल गर्नु पर्ने ।

- विद्यालयका परीक्षा निरिक्षकहरूले समान सकारात्मक व्यवहार गरिनु पर्ने,
- परीक्षा भवन र वातावरणमा ख्याल गरिनु पर्ने,
- परीक्षाको समय अवधिलाई ख्याल गरी घण्टी तथा समय सूचकको सही रूपमा प्रयोग गरिनु पर्ने,
- प्रश्नको रूप जस्तो सुकै भएपनि सरलताबाट जटिलताको क्रममा समस्याको हल गरे राम्रो हुने ।

### ५.२.३ अनुसन्धान तहका लागि सुझाव

- प्रश्नपत्रका व्यवहारिक पाटोमा ध्यान दिइ अध्ययन गर्दा राम्रो हुने,
- प्रश्नपत्र भाषाका सीप अनुरुप निर्माण भएका छन् छैनन् अध्ययन गर्नु पर्ने ,
- विश्वसनीयता र वैधताका आधारमा प्रश्नपत्रको अध्ययन गर्नु पर्ने,
- प्रश्नपत्रको भाषिक सीपगत आधारमा तुलना गरिनु पर्ने,
- विद्यार्थीका स्तर सँग प्रश्नपत्रको उपयुक्ततामा अध्ययन गरिनु पर्ने,
- प्रश्नपत्रको समानता र असमानताका आधारमा अध्ययन गरिनु पर्ने,

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज (२०५१), अनिवार्य नेपालीका सन्दर्भमा नेपाली भाषाको परीक्षण र मूल्याङ्कन, *शिक्षाशास्त्र सौरभ,* काठमाडौं, काठमाडौ, शिक्षा क्याम्पस ।

ढकाल, नरेशविक्रम (२०५८), *२०५७ सालमा उपयोग गरिएका कक्षादशको नेपाल भाषाका योग्यता जाँच परीक्षामा प्रश्नपत्रहरूको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

आचार्य, दिलीपकुमार (२०५९), *२०५८ सालमा उपयोग गरिएका कक्षा आठको नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,* स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

इटनी, रामचन्द्र (२०५९), *एस. एल. सी टेस्ट परीक्षा २०५८ सालमा उपयोग गरिएका नेपाली भाषाविषयका प्रश्नपत्रहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. ।

पौडेल, हिममाया (२०५९), *उच्चमाध्यमिक तहअनिवार्य विषयका २०५२ देखि २९५९ साल सम्मका प्रश्नहरूको विश्लेषणात्मक अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रि. वि. ।

पराजुली, तीर्थराज र अन्य (२०६७), *शैक्षिक मापन तथा मूल्याङ्कन,* काठमाडौँ, सनलाइट पब्लिकेशन ।

अधिकारी, विश्वमणि (२०६८), *शैक्षिक मापन तथा मूल्याङ्कन,* प्रशान्ति प्रकाशन, पुतली सडक, काठमाडौँ ।

नेपाली बृहत् शब्दकोश, (२०६०), *नेपाली राजकीय प्रज्ञा प्रतिष्ठान,* कमलादी, काठमाडौँ, पुनमुद्रित ।

बस्नेत, कमलबहादुर (२०६२*), कक्षा आठको जिल्लास्तरीय परीक्षा २०६१ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

चुडाल, नेत्रप्रसाद (२०६९), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,* स्तातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग,त्रि.वि. ।

श्रेष्ठ, देवीबहादुर (२०६९), *जिल्ला स्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरूको*

*अध्ययन,* स्नातकोत्तर शोधपत्र, काठमाडौं नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, *हाम्रो नेपाली किताब, कक्षा आठ २०६३, पाठ्यक्रम विकास केन्द्र,* सानोठिमी, भक्तपुर ।

पौडेल, भवानी (२०६९), *कक्षा आठको जिल्ला स्तरीय परीक्षा २०६९ मा उपयोग गरिएका प्रश्नहरूको अध्ययन,*स्नातकोत्तर शोधपत्र, काठमाडौं, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, *निम्नमाध्यमिक पाठ्यक्रम, २०६४, पाठ्यक्रम विकास केन्द्र,* सानोठिमी, भक्तपुर ।

ज.ब.रा., स्वयंप्रकाश र अन्य (२०६७), *शिक्षामा मापन तथा मूल्याङ्कन,* काठमाडौं, विद्यार्थी पुस्तक भण्डार ।

दाहाल, सुशीला (२०६९), *२०६७ सालमा उपयोग गरिएका कक्षा आठका नेपाली भाषाका प्रश्नहरूको विश्लेषण,* स्नातकोत्तर त्रि. वि.।

खनाल, पेशल  निउरे, ध्रुबप्रसाद र साथीहरु (२०७१), *शैक्षिक मापन तथा मूल्याङ्कन,* सनलाइट पब्लिकेशन, काठमाडौँ ।

शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६७), *नेपाली भाषा शिक्षा र साहित्य शिक्षण,* विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी, काठमाडौँ ।